लोकप्रिय राष्ट्रिय दैनिक

ग्राहक प्रति

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108




धेरै खोजे सन्नी लियोनी.. पृष्ठ ५


काठमाडौं । वर्ष १५, अंक १८९, काठमाडौं, आइतबार ५ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Sunday 20 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-




*अस्थायी टहराअगाडि घाम ताप्दै सिन्धुपाल्चोकका भूकम्पपीडित परिवार । चिसो बढेसँगै सुरक्षित आवास तथा न्यानो कपडाको अभावमा भूकम्पपीडित कष्टकर जीवन जिउन बाध्य छन् ।*

**तस्बिर : दिनेश थापा/राजधानी**

# नारामै सीमित 'संविधान शिक्षा कार्यक्रम'

- कांग्रेसले अझै दिएन अभियानमा जाने नेताको नाम
- मधेसमा कार्यक्रम नै पुगेन
- तोकिएका नेता पनि कतिपय जाँदै गएनन्
- गएका पनि औपचारिक कार्यक्रमका लागि मात्रै पुगे
- ५० लाखको सरकारी बजेट अर्थहीन

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, ४ पुस

सरकारले नयाँ संविधानका मूल विशेषता जनतालाई बुझाउने अभिप्रायले सुरु गरेको संविधान शिक्षा कार्यक्रम प्रभावहीन बनेको छ । तराई-मधेसमा देखिएको भ्रम चिर्ने र संविधानका मूलभूल विशेषताका बारेमा जनतालाई प्रशिक्षित गर्ने उद्देश्यले २१ मंसिरबाट सरकारले एकमहिने अभियान सुरु गरेको थियो ।

स्थानीय विकास मन्त्रालयको संयोजनमा देशभर अभियान चलाउने भनिए पनि अभियानको आधा-आधी समय घर्किंदासम्म सरकारले ११ ओटा जिल्लामा भन्दा बढी ठाउँमा अभियान नै पुर्‍याउन सकेको छैन ।

केही मन्त्री तथा राजनीतिक दलका शीर्ष नेताहरू आफैं प्रतिनिधित्व गर्ने जिल्लामा अभियान लिएर पुगे पनि धेरैजसो जिल्लामा कार्यक्रम नै अलपत्र अवस्थामा देखिएको स्थानीय विकास मन्त्रालय स्रोतले बताएको छ ।

सरकारले ८ मंसिरको मन्त्रिपरिषद्को बैठकबाट २१ मंसिरदेखि २१ पुससम्म 'जनताको संविधान, जनताको माझ' भन्ने नारासहित एकमहिने अभियान सञ्चालन गर्ने र त्यस्तो अभियानमा प्रमुख दलका नेता, पूर्वप्रधानमन्त्री, मन्त्री तथा सांसदहरू खटिने निर्णय गरेको थियो ।

तर, अहिलेसम्म सरकारले भनेअनुसार कार्यक्रम अगाडि बढ्न सकेको छैन । नेपाली कांग्रेसले पार्टी सभापति तथा पूर्वप्रधानमन्त्री सुशील कोइराला, पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता शेरबहादुर देउवालगायतका नेताहरू अभियानका क्रममा कुन जिल्लामा खट्ने भन्ने जानकारी मन्त्रालयलाई उपलब्ध गराएको छैन । स्थानीय विकास मन्त्रालयले भने प्रमुख दलका शीर्ष नेताहरूलाई अभियानमा सहभागी हुन जान इच्छुक जिल्लाको नामसहित अभियानमा सहभागी भइदिन अनुरोध गरेको प्रवक्ता पूर्णचन्द्र भट्टराईले जानकारी दिए ।

'हामीले अभियानमा सहभागी भइदिन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई अनुरोध गरेका छौं,' भट्टराईले राजधानीसँग भने, 'केही नेताहरूले मन्त्रालयमा नाम टिपाउनुभएको छ, केही जिल्ला पनि गइसक्नुभएको छ, केहीले अझै नाम टिपाउनुभएको छैन ।'

एमाओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नै निर्वाचन क्षेत्र सिरहा जाने बताएका छन् । यद्यपि, उनले पनि त्यहाँ जाने कार्यक्रम तय गरिसकेका छैनन् । एमाले वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले भक्तपुर जाने कार्यक्रम बनाएका छन् । पूर्वप्रधानमन्त्री माधव नेपालले पश्चिम जाने नाम टिपाएका छन् ।

पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ इलाम, उपप्रधानमन्त्री सीपी मैनाली कैलाली, उपप्रधान तथा ऊर्जामन्त्री टोपबहादुर रायमाझी अर्घाखाँची, पूर्वप्रधानमन्त्री तथा राप्रपा नेता लोकेन्द्रबहादुर चन्द ललितपुर, सूचना तथा सञ्चारमन्त्री शेरधन राई ताप्लेजुङ, कृषिमन्त्री हरिबोल गजुरेल सिन्धुली र काभ्रे, सामान्य प्रशासनमन्त्री रेखा शर्मा दाङ, भूमिसधारमन्त्री रामकुमार सुब्बा सुनसरी, भूमिसुधार राज्यमन्त्री विक्रम थापा नुवाकोट, सिँचाइमन्त्री उमेश यादव सप्तरी जाने कार्यक्रम तय भएको छ ।

यीमध्ये केही नेताहरू जिल्ला पुगेर फर्केका छन् । शनिबार मात्रै उपप्रधान तथा रक्षामन्त्रीसमेत रहेका भीम रावल अभियानकै क्रममा बझाङ पुगेर फर्किएको स्थानीय विकास मन्त्रालयले जनाएको छ ।

(बाँकी पृष्ठ २ मा)

## सहमतिमै संशोधन विधेयक

**काठमाडौं/रास**- प्रमुख प्रतिपक्षी दल कांग्रेस र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिच विद्यमान राजनीतिक संकट छिटो टुंग्याएर अघि बढ्ने सहमति भएको छ । कांग्रेस सभापति सुशील कोइरालानिवास महाराजगन्जमा शनिबार बिहान भएको छलफलमा दुवै पक्ष विद्यमान राजनीतिक संकट यथाशीघ्र समाधान गरी अघि बढ्न तयार भएका हुन् ।

(विस्तृत पृष्ठ २ मा)

## भ्रष्टाचार अभियोगमा सोनिया र राहुल अदालतमा

**नयाँ दिल्ली/एजेन्सी**- भ्रष्टाचार अभियोगमा भारतको प्रमुख विपक्षी कंग्रेसका अध्यक्ष सोनिया गान्धी र उपाध्यक्ष राहुल गान्धी शनिबार अदालतमा उपस्थित भएका छन् । उनीहरू अदालत उपस्थित भएको केही मिनेटमा नै उनीहरूलाई धरौटी लिएर छोडिदिएको थियो ।

(विस्तृत पृष्ठ ५ मा)

# सेनाले उत्पादकबाटै बिस्कुट र दुध खरिद गर्ने

### वार्षिक १ अर्ब २० करोड फाइदा

**टपेन्द्र कार्की/राजधानी**
काठमाडौं, ४ पुस

नेपाली सेनाले आगामी १ माघबाट आफूलाई आवश्यक पर्ने बिस्कुट तथा दुध खरिदका लागि सिधै उत्पादक कम्पनीसँग सम्झौता गरेको छ । रक्षा मन्त्रालयले बिस्कुट तथा दुध खरिदमा सिधै उत्पादक कम्पनीसँग सम्झौता गर्न निर्देशन दिएपछि सेनाले सो सम्झौता गरेको हो ।

सेनाले उत्पादक कम्पनीसँग सिधै सम्झौता गरेकाले ठेकेदार कम्पनीहरू स्वतः अलग भएका छन् । सेनाले आफ्नो जनशक्तिलाई आवश्यक पर्ने दुध तथा बिस्कुट तिन वर्षका लागि एउटै मूल्यमा खरिद गर्ने गरी सम्झौता गरेको हो । सो सम्झौताबाट सेनालाई तिन वर्षमा १ अर्ब २० करोड रुपैयाँ फाइदा हुनेछ । सेनाले आफ्नो ९५ हजार जनशक्तिलाई खाजाका रूपमा बिस्कुट दिँदै आएको छ । ठेकेदार कम्पनीसँग खरिद गर्नुभन्दा उत्पादक कम्पनीसँग खरिद गर्दा आर्थिक पारदर्शिता र मितव्ययिता हुने भएकाले सेनाले रक्षा मन्त्रालयसँग यस विषयमा स्वीकृति मागेको थियो । मन्त्रालयबाट स्वीकृति पाएपछि केही दिनअघि सेना र बिस्कुट उत्पादक कम्पनी पशुपति बिस्कुट प्रालिबिच सम्झौता भएको हो । सैनिक प्रवक्ता सहायक रथी ताराबहादुर कार्कीका अनुसार ठेकेदार कम्पनीसँग भन्दा उत्पादक कम्पनीबाट खरिद गर्दा वार्षिक ४० करोड रुपैयाँ बचत हुनेछ ।

'विगतका वर्षमा आवश्यक दुध तथा बिस्कुट ठेकेदार कम्पनीमार्फत खरिद गरिन्थ्यो, यस पटक त्यो प्रक्रियालाई खारेज गरियो,' सैनिक प्रवक्ता कार्कीले भने, 'सेनाले उत्पादक कम्पनीसँग सोझै डिल गरेर बिस्कुट तथा दुध खरिद गरेको छ ।' सेनाले हाई इनर्जी बिस्कुट र कन्डेन्ड मिल्क खरिद गर्ने गरेको छ । सेनाले आर्थिक नियमको परिधिअन्तर्गत सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) अनुसार दुध तथा बिस्कुट खरिद गरेको हो । नयाँ सम्झौताअनुसार बजार मूल्य जतिसुकै बढी भए पनि सम्झौता गरेको अवधिसम्म उत्पादक कम्पनीले मूल्य वृद्धि गर्न पाउने छैन । 'उत्पादक कम्पनी पशुपति बिस्कुट उद्योगले वार्षिक रूपमा १० प्रतिशत मूल्य वृद्धि गर्ने सर्तसमेत हटाएको छ, यसले गर्दा पनि सेनालाई आर्थिक फाइदा भएको हो,' सहायक रथी कार्कीले राजधानीलाई भने ।

प्रवक्ता कार्कीले मितव्ययिता ख्याल राखेर विभागीय स्वीकृति लिई उत्पादक कम्पनीसँग सम्झौता गरेको र सम्झौता १ माघबाट कार्यान्वयनमा आउने बताए । सेनाले नेपाली उत्पादक कम्पनीहरूलाई प्रश्रय दिँदै आएको छ । विगतका वर्षहरूमा बिस्कुट ठेक्कासम्बन्धी भएका प्रकरणले आफ्नो छविमै प्रश्न उठेपछि सेनाले यस वर्षदेखि उत्पादक कम्पनीसँगै सम्झौता गरेको हो । यसरी सम्झौता गर्दा ठेकेदार कम्पनीलाई जाने कमिसन स्वतः रोकिनेछ ।

यसैगरी, नेपाली सेनाले आफ्नै कम्पनीमा उत्पादन गरेका कपडालाई प्राथमिकतामा राखेर खरिद गर्दै आएको छ । कालिकास्थानको सेनाकै लघु उद्योगबाट उत्पादित ब्याङ्केट मोजा, झुल र गन्जीलाई सेनाले खरिद गरी प्रयोगमा ल्याउने गरेको छ । त्यहाँबाट उत्पादन हुन नसकेको र अपुग भएका कपडा मात्र बाहिरी स्वदेशी कम्पनीबाट सेनाले खरिद गर्ने गरेको छ ।

# शनिबार वर्षकै सबैभन्दा चिसो

## उपत्यकाको तापक्रम २ डिग्री

**सविन शर्मा/राजधानी**
काठमाडौं, ४ पुस

अरब सागरबाट आएको पश्चिमी वायु र न्यूनचापीय प्रणालीको असरपछि शुक्रबारदेखि मुलुकभरि चिसो बढेको छ । शनिबार यो वर्षकै सबैभन्दा चिसो दिनको रूपमा रेकर्ड भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार पश्चिमी वायुको प्रभावले मुलुकभर बदली भई शुक्रबारदेखि चिसो बढेको हो । यो क्रम एक सातासम्म जारी रहन सक्ने महाशाखाले जनाएको छ ।

चिसो बढे पनि वर्षाको सम्भावना भने कम छ । 'चिसो बढ्नुको मुख्य कारण नेपालमा पश्चिमी वायुको प्रभाव नै हुने गरे पनि यो समयको मौसमी अवस्थाको अध्ययन गर्दा तत्काल वर्षा हुने सम्भावना छैन,' वरिष्ठ मौसमविद् डा. मणिरत्न शाक्यले भने, 'यो वर्षको अहिलेसम्मको चिसोको मूल्यांकन गर्दा शनिबारलाई सबैभन्दा चिसो दिनका रूपमा लिइएको छ ।' मौसमविद् शाक्यले उच्च हिमाली क्षेत्रमा हिमपात हुने बताए । उच्च हिमाली क्षेत्रमा हिमपात हुँदा मध्य पहाडी क्षेत्रमा वर्षा हुनुपर्ने भए पनि विगत वर्षदेखि नै मौसममा भएको फेरबदलले यो वर्ष पनि



हिँउदे वर्षा हुने सम्भावना नरहेको उनको विश्लेषण छ ।

महाशाखाकी मौसमविद् शान्ति कँडेलका अनुसार शनिबार उपत्यकामा यो वर्षको सबैभन्दा चिसो २ डिग्री तापक्रम रेकर्ड भएको छ । भूमध्य सागरबाट आउने वायुले उच्च वायुमण्डलमा रहेको पश्चिमी वायुसँगको संगमको समयमा हुने गतिविधिले हावाको चाप बढेपछि चिसो बढेको उनले जानकारी दिइन् ।

महाशाखाका अनुसार अझै एक सातासम्म चिसो कायमै रहने र त्यसपछि क्रमशः तपक्रम बढ्दै जानेछ । मौसमविद्हरूले वायुको प्रभाव मंगलबारबाट कम हुँदै जाने र मौसममा बुधबारबाट सुधार हुँदै शनिबारदेखि पूर्ववत् रूपमा तातो बढ्दै जाने जनाएका छन् । डिसेम्बर, जनवरी र फेब्रुअरी जाडोको मौसम भएकाले महाशाखाले अहिले भएको चिसो तथा फाटफुट वर्षालाई सामान्य मान्ने गरेको छ ।

महाशाखाका अनुसार मुलुकभरि चिसो बढे पनि तराई क्षेत्रमा शीतलहर बढिरहेको छ भने पहाडी क्षेत्रमध्ये मुलुकको मध्य क्षेत्रमा चिसो बढी भएको पाइएको छ । पूर्व र पश्चिमका तुलनामा मध्य क्षेत्र धेरै चिसो छ । शनिबार जुम्ला र जिरीको तापक्रम माइनसमा झरेको छ ।

महाशाखाका अनुसार जुम्लामा माइनस ६ दशमलव ६ डिग्री, जिरीमा माइसन २ डिग्री तापक्रम मापन गरिएको छ । यस्तै, काठमाडौं उपत्यकामा २ डिग्री तापक्रम मापन गरियो भने डडेल्धुरामा २ दशमलव ७, दीपायलमा २ दशमलव ६, धनगढीमा ५ दशमलव ९ डिग्रीसम्म तापक्रम झरेको थियो । यसैगरी, वीरेन्द्रनगरमा ३, नेपालगन्जमा ५ दशमलव ९ र दाङमा ४ दशमलव ८ डिग्री तापक्रम मापन गरिएको महाशाखाले जनाएको छ । यस्तै, पोखरामा ७ दशमलव ५, भैरहवामा ७ दशमलव २ तथा सिमरामा ७ डिग्री तापक्रम मापन भएको थियो । महाशाखाका अनुसार शनिबार ओखलढुंगामा ४, ताप्लेजुङमा ३ दशमलव ३ र धनकुटामा ६ दशमलव ५ डिग्री न्यूनतम तपक्रम मापन गरिएको थियो । यसैगरी, विराटनगरमा ८ दशमलव ३, धरानमा ११, लुम्लेमा ३ दशमलव ५ र जनकपुरमा ७ दशमलव ५ डिग्री न्यूनतम तापक्रम मापन गरिएको थियो ।

# पर्यटन र उत्पादनमूलक उद्योगलाई ब्याज छुट

- सरकारले धितो राख्न नसक्ने किसानका लागि परियोजना धितो वा सामूहिक जमानीमा कर्जा दिने व्यवस्था
- सहुलियत कृषि ऋण दिनका लागि अहिलेको कार्यविधिमा आवश्यक संशोधन गर्ने सरकारको तयारी

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

पर्यटन, उत्पादनमूलक र तोकिएका अन्य विशेष उद्योगले यसअघि लिएको कर्जाको ब्याज छुट पाउने भएका छन् । गत १२ वैशाखको भूकम्प र तराई-मधेसको आन्दोलन तथा भारतको अघोषित नाकाबन्दीका कारण असहज परिस्थिति उत्पन्न भएकाले यस्तो सुविधा दिन लागिएको हो ।

ऋणको ब्याज भुक्तानीको पुनरतालिकीकरण गर्ने तथा केही मात्रामा ब्याज छुट दिने सरकारको तयारी छ । तराई-मधेसमा जारी आन्दोलन र भारतको अघोषित नाकाबन्दीले अर्थतन्त्रमा पारेको प्रभावको सन्दर्भमा सरकारले जारी गरेको श्वेत पत्र कार्यान्वयन कार्ययोजनामा यस्तो उल्लेख गरिएको छ ।

सो कार्ययोजनामा पर्यटन तथा उत्पादनमूलक उद्योगका साथै दुध, तरकारी र मासु उत्पादक किसानले लिएको ऋणको ब्याज भुक्तानीको पुनरतालिकीकरण गर्ने तथा केही मात्रामा ब्याज छुट दिने व्यवस्था गरिने उल्लेख छ । नेपाल राष्ट्र बैंकले यसअघि पनि कर्जाको सावाँ/ब्याज तिर्ने समय एक महिना थप गरिसकेको छ ।

कार्यविधि बनाउने समयसीमा यही पुस मसान्तसम्म तोकिएको छ । कार्यविधि बनाउनका लागि अर्थ मन्त्रालयलाई जिम्मेवारी दिइएको छ । सो कार्यका लागि राष्ट्र बैंकलाई सहयोगी निकाय तोकिएको छ । यस्तै, सरकारले भूकम्पपीडित उद्योग प्रतिष्ठानलाई सहयोग गर्न पुनरुत्थान कोष खडा गर्ने भनेको छ । त्यस्तो कोषको कार्यविधि पनि पुस मसान्तसम्ममा तयार हुनेछ ।

कोषको मस्यौदा राष्ट्र बैंकले तयार पारिसकेको छ । कोषमा भएको रकम भूकम्पका कारण क्षति भएका उद्योग प्रतिष्ठानहरूले ६ प्रतिशत ब्याजमा प्रयोग गर्न पाउने प्रस्ताव मस्यौदामा छ ।

यस्तै, कार्ययोजनामा उद्योगी तथा व्यवसायीहरूले करको विवरण बुझाउने म्याद आवश्यकताअनुसार थप गर्ने उल्लेख छ । यस्तै, सरकारले धितो राख्न नसक्ने किसानका लागि परियोजना धितो वा सामूहिक जमानीमा कर्जा दिने व्यवस्था पनि गर्न लागेको छ ।

धितोको अभावमा किसानले परियोजना सञ्चालन गर्न नपाएको गुनासो आएपछि सरकारले यस्तो योजना अघि सारेको हो । यसैगरी, सहुलियत कृषि ऋण दिनका लागि अहिलेको कार्यविधिमा आवश्यक संशोधन गर्ने सरकारको तयारी छ ।



*बेलायतको औपचारिक भ्रमणमा रहेका उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा त्यहाँका कानुनमन्त्री माइकल गोभसँग भेटवार्ता गर्दै। भेटवार्तामा लामो समयदेखि मुल्तबीमा रहेको कर्णेल लामाको मुद्दा टुंग्याइदिन थापाले आग्रह गरेका थिए।* **तस्बिर : राजधानी**

# सहमतिमै संशोधन विधेयक अघि बढाउन कांग्रेस–मोर्चा तयार

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

प्रमुख प्रतिपक्षी दल कांग्रेस र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिच विद्यमान राजनीतिक संकट छिटो टुंग्याएर अघि बढ्ने सहमति भएको छ।

कांग्रेस सभापति सुशील कोइरालानिवास महाराजगन्जमा शनिबार बिहान भएको छलफलमा दुवै पक्ष विद्यमान राजनीतिक संकट यथाशीघ्र समाधान गरी अघि बढ्न तयार भएका हुन्।

कांग्रेसले संसद्मा पेस संविधान संशोधन विधेयकबाट आन्दोलनका मुद्दा सम्बोधन गरेर अघि बढ्ने सन्दर्भमा आधार तयार गर्ने भएकाले त्यसमा सहयोग गर्न मोर्चालाई आग्रह गरेको छ। विधेयकमा राज्यका प्रमुख अंगमा समानुपातिक समावेशी सिद्धान्त आत्मसात् गर्ने र हालको जिल्लाको इकाईलाई कम्तीमा एक निर्वाचन क्षेत्र कायम गरी जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने प्रावधान राखिएको छ।

मोर्चालाई संशोधन विधेयक थप परिमार्जन गर्न सकिने विभिन्न पक्षबारे जानकारी गराउँदै कांग्रेसले त्यसमा मोर्चासँग आबद्ध दलको सहमति लिएर आउन आग्रहसमेत गरेको छ।

मोर्चाले भने संसद्मा पेस संशोधन विधेयकले आन्दोलनका माग सम्बोधन गर्न नसक्ने भएकाले प्रमुख मुद्दाका रूपमा रहेको प्रदेशको सीमासम्बन्धी कांग्रेसको स्पष्ट जवाफ माग गरेको छ। यद्यपि, कांग्रेसको प्रस्ताव मोर्चाले सकारात्मक रूपमा लिँदै 'त्यसबारे आवश्यक छलफल गरेर आउने जवाफ दिएको' स्रोतले बतायो।

कांग्रेस प्रवक्ता दिलेन्द्रप्रसाद बडूले मधेसी मोर्चाका माग सम्बोधन गर्न 'के-कस्ता विषय कसरी समेट्न सकिन्छ ?' भन्नेबारे छलफल भएको जानकारी दिए।

'संसद्मा पेस संविधान संशोधन विधेयकमार्फत मोर्चाले उठाएका माग कहाँ, कसरी समेट्न सकिन्छ? नमिलेको विषय के हो? र, कसरी मिलाउन सकिन्छ? यसमा तपाईंहरूको स्पष्ट धारणा ल्याउनोस् भनेका छौं,' बडूले भने, 'उहाँहरूले सरसल्लाह गरेर आउँछौं भन्नुभएको छ।'

यता, मोर्चाको एक घटक संघीय समाजवादी फोरम अध्यक्ष उपेन्द्र यादवले भने कांग्रेससँगको छलफलमा 'कुनै सहमति नभएको' जिकिर गरे। 'सामान्य भेटघाट हो, त्यस्तो केही सहमति भएको छैन,' उनले भने, 'हामीले राख्दै आएको ११ बुँदे माग सम्बोधन हुने गरी अर्को संशोधन विधेयक ल्याउनुपर्छ अनि मात्रै कुरो मिल्छ।'

छलफलमा मोर्चाका तर्फबाट यादव र तमलोपा अध्यक्ष महन्थ ठाकुर सहभागी थिए। मोर्चाले प्रमुख तिन दल मिलेर अन्तरिम संविधानमार्फत अभ्यास भइसकेको अधिकारसमेत हटाएर संविधान ल्याएको र संसद्मा पेस विधेयकले पनि पहिल्यै अभ्यासमा आइसकेको अधिकार नदिने मनसायले विकृत पारिएको आरोप लगाएको छ।

समाजवादी फोरम सहअध्यक्ष राजेन्द्र श्रेष्ठले दुई बुँदे संशोधन विधेयक ल्याएर प्रमुख तिन दलले आन्दोलन सिथिल बनाउने प्रयत्न मात्रै गरेको आरोप लगाए।

'दुई बुँदे संविधान संशोधन विधेयकले मधेसी, आदिवासी, जनजाति, मुस्लिम, दलितलगायत समुदायको प्रमुख मुद्दा सम्बोधन हुनै सक्दैन,' उनको दाबी छ, 'हाम्रो माग भनेको ११ बुँदे सम्बोधन हुनेगरी अर्को संविधान संशोधन विधेयक आउनुपर्छ भन्ने हो।'

प्रमुख दलहरूले 'केही दिन कुरेजस्तो गरी अहिलेकै विधेयक पारित गर्ने रणनीति लिएको' बताउँदै श्रेष्ठले थपे, 'त्यसो गरियो भने हामी जहिले सक्छौं, त्यतिबेलै संविधान संशोधन विधेयक ल्याउँछौं, आन्दोलन जारी रहन्छ।'

मोर्चाले संसद्मा पेस संशोधन विधेयक जलाउनेदेखि लाठी र मसाल जुलुस निकाल्नेसम्मको ११ दिने आन्दोलन शुक्रबार घोषणा गरेको छ। अब काठमाडौंमा सरकारसँग वार्ता नहुने बताएको उसले 'यदि सरकार वार्ता गर्न चाहन्छ भने मधेसमै झर्नुपर्ने' घोषणासमेत गरेको छ।

# प्रेस चौतारीको आठौं राष्ट्रिय अधिवेशन ४ चैतमा

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

प्रेस चौतारी नेपालको आठौं राष्ट्रिय अधिवेशन आगामी ४ चैतमा हुने भएको छ। चौतारीको शनिबार राजधानीमा बसेको पाँचौं केन्द्रीय बैठकले आगामी ४, ५ र ६ चैतमा अधिवेशन गर्ने निर्णय गरेको हो।

वीरगन्ज, चितवन र नवलपरासीको त्रिवेणीमध्ये एक स्थानमा अधिवेशन गर्ने गरी स्थान टुंगो लगाउन सचिवालयलाई जिम्मेवारी दिइएको छ।

बैठकले न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस तत्काल कार्यान्वयन गर्न सरकारसमक्ष माग गर्नेलगायत ६ बुँदे प्रस्तावसमेत पारित गरेको छ।

यसैगरी, प्रेस चौतारीले जनकपुरमा राष्ट्रपति विद्यादेवी भण्डारीमाथि मधेसी मोर्चाका कार्यकर्ताबाट भएको दुर्व्यवहारको कडा शब्दमा निन्दा पनि गरेको छ। मोर्चा कार्यकर्ताको 'असभ्य र जंगली व्यवहारले संसारभर नेपाली महिलाको शिर निहुरिएको' ठहर गर्दै बैठकले माफी माग्नुपर्ने माग गरेको छ।

त्यस्तै, बैठकले *राजधानी*कर्मी सुवासप्रसाद साहलाई केन्द्रीय सदस्यमा मनोनीत गरेको छ।

यसैबिच, एमाले नेता माधवकुमार नेपालले विवाह पञ्चमीका अवसरमा जनकपुर भ्रमणपछि राष्ट्रपति विद्यादेवी भण्डारीलाई गरिएको अपमानजनक व्यवहारको निन्दा गरेका छन्।



तस्बिर : रासस

प्रेस चौतारी नेपालको पाँचौं केन्द्रीय बैठक तथा पुरस्कार वितरण समारोह शनिबार उद्घाटन गर्दै उनले राष्ट्रपति विवाह महोत्सवमा जानाले त्यहाँको भूमि अपवित्र भएको भनी अपमानित हुने गरी केही मधेसी मोर्चाका कार्यकर्ताबाट भएको व्यवहार 'सामन्ती संस्कारको निरन्तरता' भएको बताए।

'राष्ट्रपतिजस्तो व्यक्तित्व महोत्सवमा पुग्दा विधवा भन्ने ? यो एउटा महिलाको मात्र होइन, संसारभरका महिलाको अपमान हो, के पुरुष विधुर हुँदैनन् ?' नेपालले भने, 'के यो सती र सामन्ती प्रथा हो ? राष्ट्रपतिको भ्रमणबाट त्यो भूमि अपवित्र भयो भनेर क्षमापूजा गरिएको समाचारले मेरो मन दुखेको छ।'

मधेसमा समानताका लागि विभिन्न आन्दोलन हुँदै आएको स्मरण गर्दै उनले निन्दनीय क्रियाकलाप गर्नेलाई 'अहिलेसम्म कारबाहीसमेत नभएकाले कस्तोखाले संस्कार कार्यकर्तालाई दिइरहेको छ,' भन्ने प्रस्ट देखिएको पनि उनले जिकिर गरे।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले 'मधेसीलाई भारतीय मूलका भनेर भन्ने गरिए पनि उनीहरू नेपाली मूलकै भएको र आदिकालदेखि नै त्यहाँ बसोबास गर्दै आएका मधेसी नेपाली आदिवासी भएको' स्पष्ट पारे। संविधान जारी गर्न आफ्नो दलको महत्त्वपूर्ण भूमिका भएको जिकिर गर्दै उनले थपे, 'एमालेले दृढताका साथ अरूलाई पनि खुट्टा टेकाउने काम गर्‍यो, अरू त थर्थराइसकेका थिए।'

सञ्चारमाध्यमले देशको भौगोलिक अखण्डता, इतिहासमाथि न्याय दिएर मात्र समाचार प्रकाशन/प्रसारण गर्नुपर्ने जिम्मेवारी भएको बताउँदै नेता नेपालले अहिले मुलुकको संकटमा पनि त्यत्तिकै विवेक प्रयोग गरेर समाचार सम्प्रेषण गर्नुपर्ने औंल्याए।

**कोइराला, पोखरेल, शेर्पा र जीएम पुरस्कृत**

चौतारीले यस वर्षको 'हृदयसिंह स्मृति पत्रकारिता पुरस्कार' तीर्थ कोइराला, 'अग्निशिखा स्मृति पत्रकारिता पुरस्कार' गोविन्द पोखरेल, 'वीरेन्द्र साह स्मृति पत्रकारिता पुरस्कार' छेटु शेर्पा र 'डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार' ईश्वरी जीएमलाई प्रदान गरेको छ। पुरस्कारको राशि क्रमशः १५/१५ हजार तथा साढे ७ हजार छ।

## नारामै सीमित...

त्यस्तै, अभियानकी संयोजकसमेत रहेकी स्थानीय विकास राज्यमन्त्री कुन्तीकुमारी शाही पनि आफ्नै गृहजिल्ला दैलेख पुगेर फर्केकी छन्। कृषिमन्त्री पनि सिन्धुली पुगेर फर्केका छन्।

कांग्रेसले पार्टीको महाधिवेशनको तयारी बैठकमा व्यस्त रहनुपरेका कारण नाम दिन नसकेको बताएको छ। नामै दिएर पनि जिल्ला नपुगिसकेका एमाओवादी अध्यक्ष दाहाल पनि पार्टीको केन्द्रीय समिति बैठकका कारण काठमाडौंमै छन्। दाहालको अभियानको अवधिसम्ममा मधेस जाने सम्भावना अत्यन्तै कम रहेको उनकै पार्टी पोलिटब्युरो सदस्य तथा मधेस इन्चार्ज विश्वनाथ साहले बताए। 'हामी केन्द्रमा पार्टी केन्द्रीय समिति बैठकमा छौं, अझै बैठक केही दिन लम्बिने सम्भावना छ,' उनले राजधानीसँग भने, 'त्यसपछि पार्टीका आन्तरिक प्रशिक्षण तथा अन्य राजनीतिक दलहरूसँगको वार्ता/छलफल आदिका कारण पनि अध्यक्षको अहिले नै कार्यक्रम तय भइसकेको छैन।'

स्थानीय विकास राज्यमन्त्री शाही पनि 'कतिपय पार्टीका शीर्ष नेताहरू मधेसी मोर्चासँगको वार्ता र छललफल र आफ्नै पार्टीका आन्तरिक बैठकमा व्यस्त देखिएका कारण जिल्ला पुग्न नसकिरहेको बताउँछिन्। 'उहाँहरू आफ्नै पार्टीको बैठक, छलफल र अन्य दलहरूसँगको वार्तामा पनि हुनुभएकाले गइसक्नु भएको छैन,' शाहीले राजधानीसँग भनिन्, 'केही दिनमै उहाँहरू अभियान लिएर जिल्ला जानुहुन्छ होला।'

अभियानका क्रममा जिल्ला पुगेका केही सीमित नेताहरू पनि औपचारिकताका लागि मात्र पुगेर राजधानी फर्कने गरेको मन्त्रालय स्रोतले जनाएको छ। यद्यपि, मन्त्रालयले उच्च अधिकारीहरू भने अभियानका कामहरू प्रभावकारी ढंगले अगाडि बढिरहेको जिकिर गर्दै छन्।

स्थानीय विकास मन्त्रालयले अभियानका लागि विभिन्न प्रचार सामग्री बनाउनेदेखि कार्यक्रमको 'सेडुअल' नै तयार पारेको प्रवक्ता भट्टराईले जानकारी दिए। 'प्रचार-प्रसारका कामहरू भइरहेका छन्,' भट्टराईले राजधानीसँग भने, 'जिल्लाबाट अभियान सुरु गर्दै क्रमशः नगरपालिका र गाविससम्मका कार्यक्रम अगाडि बढिरहेका छन्।'

अभियान अवधिमा सरकारले २ सय १७ ओटै नगरपालिका र सबै गाविसमा अभियान पुर्‍याउने, अझ तराई-मधेसमा रहेको भ्रम चिर्न मैथिली, भोजपुरी, अवधी र थारू भाषामा पनि प्रचार सामग्री बनाउने र सञ्चारमाध्यमसँग समन्वय गर्ने निर्णय गरेको थियो।

'प्रचार सामग्रीहरू इन्टरनेटको माध्यमार्फत जिल्ला पुर्‍याउने काम भएको छ,' राज्यमन्त्री शाहीले भनिन्। सरकारले अभियानका लागि ५० लाख रुपैयाँ सरकारी कोषबाट विनियोजनसमेत गरेको छ।

# 'ढुंगामुढा गर्नु गलत कार्य'



**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

कांग्रेस वरिष्ठ नेता शेरबहादुर देउवाले राष्ट्रपति धार्मिक स्थलमा पूजाआजाका लागि जाँदा ढुंगामुढा गर्नु 'गलत कार्य भएको' बताएका छन्।

संविधान निर्माण भइसकेकाले 'अब मुलुकलाई विकासको बाटोमा अगाडि बढाउन आवश्यक रहेको' बताउँदै उनले विवाह पञ्चमीका अवसरमा जनकपुर भ्रमणपछि राष्ट्रपति विद्यादेवी भण्डारीप्रति गरिएको अपमानजनक व्यवहारको निन्दा गरेका हुन्।

'स्कुल अफ डेमोक्रेसी' अभियानद्वारा शनिबार राजधानीमा आयोजित छलफल कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवाले 'तराईमा देखिएको समस्या वार्ताबाटै हल गर्नुपर्ने'मा जोड दिए। 'लोकतन्त्रका लागि कांग्रेसले ठुलो लडाइँ लड्यो तर पार्टीभित्र आन्तरिक लोकतन्त्र बलियो हुन सकेन,' नेता देउवाले भने, 'अबको महाधिवेशनले लोकतन्त्रलाई अगाडि बढाउने नेतृत्व चुन्न आवश्यक छ।'

कांग्रेस नेता विमलेन्द्र निधिले वर्तमान संविधानले समावेशी समानुपातिक प्रतिनिधित्व समेटेको दाबी गर्दै छुटेका कुरा संशोधनमार्फत टुंग्याउन सकिने स्पष्ट पारे।

कांग्रेस नेता अर्जुननरसिंह केसीले पार्टीभित्र सिद्धान्तको राजनीतिभन्दा 'नातावाद प्रवृत्ति' हावी हुँदै गएकामा चिन्ता व्यक्त गरे। उनले आगामी महाधिवेशनबाट पार्टीभित्र देखिएको ६०/४० को भागबन्डा अन्त्य गर्नुपर्नेमा पनि जोड दिए।

कार्यक्रममा कांग्रेस नेता डा. शेखर कोइराला, नारायणप्रकाश साउद, गगनकुमार थापा, मीन विश्वकर्मा, डा. प्रकाशशरण महत, प्रदीप गिरी, सुरेन्द्रराज पाण्डे, गोविन्द भट्टराई, गुरुराज घिमिरे, महालक्ष्मी उपाध्याय, डा. डिला संग्रौला, सीता गुरुङलगायतले मुलुकलाई राष्ट्रिय एकता खाँचो रहेकाले त्यसको नेतृत्व कांग्रेसले लिनुपर्नेमा जोड दिएका थिए।

# एमाओवादी बैठक आज बस्दै

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

एकीकृत नेकपा माओवादी केन्द्रीय समिति बैठक सरेको छ।

बैठकमा प्रस्तुत गर्ने सांगठनिक प्रतिवेदनको तयारी नपुगेका कारण बैठक आइतबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको प्रवक्ता दिनानाथ शर्माले जानकारी दिए। 'बैठक तयारी नपुगेको कारण एक दिनका लागि सारिएको हो,' उनले भने।

संगठन, कार्यविभाजन र राजनीतिक दस्तावेजमा उठेका प्रश्नको परिमार्जित जवाफसहित अध्यक्ष पुष्पकमल दाहालले शनिबार धारणा राख्ने कार्यक्रम थियो।

एमाओवादी बैठकमा अध्यक्ष दाहालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा १ सय १७ नेताले धारणा राखेका थिए।

# उपत्यकाको सुरक्षा बलियो बनाउन आठ बुँदे कार्ययोजना



**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

महानगरी प्रहरी कार्यालय रानीपोखरीले उपत्यकाको सुरक्षा बलियो बनाउन आठ बुँदे कार्ययोजना तयार गरेको छ।

महानगरीय आयुक्त कार्यालयमा नयाँ प्रमुख आएपछि कार्ययोजना तयार गरिएको हो। प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) प्रतापसिंह थापाले उपत्यकाको सुरक्षा व्यवस्था थप सुदृढ बनाउन एवं महानगरीय प्रहरी कार्यालय मातहतका सम्पूर्ण कार्यालयबाट प्रदान गरिने सेवा समयानुकुल प्रभावकारी बनाउन आठबुँदे कार्ययोजना तयार पारेका जनाएका छन्।

उनका अनुसार योजनामा मुस्कानसहितको प्रहरी सेवा कार्यान्वयनलाई निरन्तरता प्रभावकारी सामुदायिक प्रहरी, पिटु एचटु कार्यक्रम प्रभावकारी सञ्चालन, नागरिक बडापत्र अनिवार्य व्यवस्था, नियमित अनुगमन तथा सुपरीवेक्षण, सीआरभी प्रभावकारी परिचालन, पाँच मिनेटमै पुग्ने पीडितमैत्री प्रहरी सेवा, प्रभावकारी अपराध अनुसन्धान र नियन्त्रण अपराध अनुसन्धानका लागि दक्ष जनशक्ति उत्पादन छन्।

त्यस्तै, अपराध अनुसन्धानमा वैज्ञानिक प्रविधि प्रयोग एससीब तालिम प्राप्त अधिकृतलाई सम्बन्धित कार्यमै अनिवार्य परिचालन, पोलिग्राफ प्रविधिको अधिकतम उपयोग, पीडितमैत्री अनुसन्धान सीसीटीभी प्रयोग, सीएपी अवधारणा प्रभावकारी कार्यान्वयन, सुशासन कायम गर्न प्रशासनिक सुधार, स्टाफ राइजिङ नियमित अनुगमन, दण्ड र पुरस्कारको मापदण्ड, शून्य सहनशीलता, पीडित र जनगुनासोको उजुरी प्राप्तिको सहज व्यवस्था छन्।

प्रभावकारी फैसला कार्यान्वयन बिदा, सरुवा तथा बढुवामा पारदर्शिता, प्रोफेसनल 'स्टाडर्ड टिम' प्रभावकारी परिचालन, प्रविधि अधिकतम उपयोग, सीसीटिभी विस्तार लेसपेपर थप प्रभावकारी बनाइने, हाम्रो पुलिस एप व्यापकता दिइने, उपत्यकाको प्रवेश द्वारमा 'भेइकल एक्स रे' मेसिनका लागि पहल, बायोमेट्रिक एडीआर प्रणाली 'फलोअप', वैज्ञानिक जनशक्ति परिचालन, 'राइन म्यान इन राइट प्लेस' योजनामा समेटिएका छन्।

एआईजी थापाले आफ्नो कार्ययोजनामा प्रभावकारी ट्राफिक व्यवस्थापन, सवारी चापको अनुपातमा ट्राफिक प्रहरी परिचालन, ट्राफिक चेकजाँचमा वैज्ञानिक उपकरण प्रयोग, आकासे पुल विस्तारका लागि पहल, जेब्रा क्रसिङबारे व्यापक जनचेतना, विशिष्ट व्यक्ति एवं महत्त्वपूर्ण प्रतिष्ठानको सुरक्षा प्रबन्ध विशेष सुरक्षा योजना बनाई प्रहरी परिचालन, महत्त्वपूर्ण प्रतिष्ठानको अभिलेख अद्यावधिक गरी पुनरावलोकन, विशिष्ट कार्यालयको आधुनिक प्रविधियुक्त सुरक्षा व्यवस्था गरिने जनाएका छन्।


२४७/०७१–WO–१०६८१ रिट–१

**श्री पुनरावेदन अदालत पाटन ललितपुरबाट जारी भएको, जिल्ला झापा सुरुङगा गा.वि.स. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३५ बस्ने अ.वर्ष ४५ को काशीनाथ दाहालका नाउँको १५ दिने म्याद ..........**

यसमा रिट निवेदक हाल का.जि. का.जि.का.म.न.पा. वडा नं. ३५ बस्ने जितेन्द्र बहादुर चन्दले तपाई समेतका नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी दिएको निवेदन ईजलास समक्ष पेश हुँदा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुत प्रमाण सहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ पेश गर्नु भनि आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी बिपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे पछि वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु भनी भएको आदेशानुसार तपाईका नाउँमा यो म्याद प्रकाशित गरिएको छ। यो म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफ्नो भएको ब्यहोराको लिखित जवाफ लिई आफै वा कानून बमोजिमको प्रतिनिधी मार्फत यस अदालतमा उपस्थित हुनु होला। नआई म्याद गुजारी बसे कानून बमोजिम हुनेछ। ईति सम्वत २०७२ साल मसिर ११ गते रोज ६ शुभम् ..........

१३३/०७२–WO–१०६९ रिट–१

**श्री पुनरावेदन अदालत पाटन ललितपुरबाट जारी भएको, झापा जिल्ला सुरुङगा गा.वि.स. वडा नं. ५ बस्ने अ.वर्ष ५५ को प्रेम प्रसाद दाहालका नाउँको १५ दिने म्याद..........**

यसमा रिट निवेदक का.जि. का.म.न.पा. वडा नं. ५ बस्ने निरञ्जन कुमार आचार्यले तपाई समेतका नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी दिएको निवेदन ईजलास समक्ष पेश हुँदा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुत प्रमाण सहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफै वा आफ्नो कानूनी प्रतिनिधी मार्फत लिखित जवाफ पेश गर्नु होला भनि आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी बिपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे पछि वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु होला भनी मिती २०७२/०३/२८ मा भएको आदेशानुसार तपाईंका नाउँमा यो म्याद प्रकाशित गरिएको छ। यो म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफ्नो भएको ब्यहोराको लिखित जवाफ लिई आफै वा कानून बमोजिमको प्रतिनिधी मार्फत यस अदालतमा उपस्थित हुनु होला। नआई म्याद गुजारी बसे कानून बमोजिम हुनेछ। ईति सम्वत २०७२ साल मसिर ११ गते रोज ६ शुभम् ..........

**सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनी लि.**
**बेशिशहर- १०, लमजुङ**
**फो.नं.- ०६६५२१२९३**

**प्रथम वार्षिक साधारण सभा सम्बन्धि सूचना**

यस सुपर दोर्दी इन्भेष्टमेन्ट कम्पनी लि. को प्रथम वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले सो साधारण सभामा उपस्थित हुन सबै शेयरधनी महानुभावहरुलाई उक्त साधारण सभामा पेश हुने प्रस्ताव सहितको पत्र पठाइएको छ उक्त पत्र प्राप्त नभएमा यसै सुचनालाई आधारमानी साधारण सभामा उपस्थित भई दिनु हुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध छ।

**साधारण सभामा पेश हुने छलफलका विषयहरु :-**

१) आ.व. ०६९/७० । ०७०/७१ । ०७१/०७२ को प्रगति प्रतिवेदन सम्बन्धमा।
२) आ.व. ०६९/७० । ०७०/७१ । ०७१/०७२ को लेखा परिक्षक नियुक्ती अनुमोदन सम्बन्धमा।
३) आ.व. ०६९/७० । ०७०/७१ । ०७१/०७२ को लेखा परिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
४) आ.ब. ०७२/०७३ को लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमीक सम्बन्धमा।
५) संचालक समितिको निर्वाचन सम्बन्धमा।
६) विविध।

**साधारण सभा हुने स्थान, मिति र समय**

मिति :- २०७२/०९/२५
स्थान :- होटल टुकुचे, बेशिशहर (शेरा), लमजुङ
समय :- दिनको ११:०० बजे
नोट : संचालक समितिको निर्वाचन सम्बन्धी विषयको थप जानकारीका लागी कम्पनीको कार्यालय स्थित निर्वाचन अधिकृतको कार्यालयमा सर्म्पक गर्न सक्नु हुनेछ।

**इजन बराल**
**अध्यक्ष**

## छोटकरी

### दाउराको मूल्य बढ्यो

**बागलुङ/रास–** ग्याँसको अभाव बेहोरिरहेका बागलुङका सर्वसाधारणले दाउरा किन्न पनि चर्को मूल्य तिर्नुपरेको गुनासो गरेका छन् । ग्याँसको अभावसँगै बजारमा दाउराको माग बढेपछि दाउरा व्यपारीले पनि मूल्य बढाउँदै लगेका छन् । सामान्य अवस्थामा ४/५ सय रुपैयाँमा पाइने एक भारी दाउरा अहिले हजार रुपैयाँसम्म बनाएका छन् । ग्याँस नपाइएपछि महँगो पैसा तिरेर भए पनि दाउराको भर पर्नुपर्ने अवस्था निम्तिएको छ। ५ सय रुपैयाँको दाउराले दुई दिन पनि चलाउन गाह्रो हुने गरेको बेस्ट वन रेस्टुरेन्टका सञ्चालक रेशम आलेले बताए ।

'एउटा ग्याँसले १२/१४ दिन हुन्थ्यो, अहिले ६ हजार रुपैयाँको दाउराले त्यति दिन धानिदैन,' आलेले भने, 'दाउराको मूल्य त ग्याँसको भन्दा दोब्बर/तेब्बर पुगेको छ।' साधारण उपभोक्ताका लागि भने एक भारी दाउराले दुई सातासम्म चल्ने गरेको बताइन्छ ।

### चोरी–सिकार वृद्धि

**मुगु/रास–** सबैभन्दा ठुलो से फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा पछिल्लो समय चोरीसिकार बढेको छ। निकुञ्जले आफ्नो क्षेत्रको व्यवस्थापन र संरक्षण गर्न नसक्दा निकुञ्ज क्षेत्रमा खुलेआम चोरीसिकार भइरहेको जिल्लावासी बताउँछन् । हिमाली क्षेत्रमा रहेको यो निकुञ्ज मुगु र डोल्पा जिल्लाको भू-भागमा पर्छ । ३५ सय ५५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो निकुञ्जको ७ सय २९ वर्ग किलोमिटर भू-भागले मुगुको करान क्षेत्रको दोल्फु, किम्री र करानलाई छोएको छ ।

निकुञ्जको यही क्षेत्रमा बहुमूल्य जडीबुटी, खनिज तत्त्व र जंगली जनावर हिम चितुवा, रेडपान्डा पाइन्छन् । निकुञ्जको यो भागलाई संरक्षण गर्न सुरक्षा पोस्टसम्म स्थापना गरिएको छैन भने डोल्पाबाट पनि निकुञ्ज क्षेत्रको अनुगमनमा हालसम्म कोही नआएको किम्रीवासी बताउँछन्। उनका अनुसार निकुञ्जका कर्मचारी दुई वर्षको एक पटक आउने र परिचय दिएर फर्कने गरेका छन् ।

### सुधारिएको चुलो बनाउन सिक्दै विद्यार्थी

**पर्वत/रास–** पछिल्लो समय एलपी ग्याँसको माग असहज भएपछि सहरबजारमा खाना पकाउन निकै समस्या पर्दै आएको छ । एलपी ग्याँसको मात्र भरमा खाना पकाउँदै आएकाहरू पनि बाध्य भएर दाउरा बालेर खाना पकाउन बाध्य भएका छन् । यसैबिच पर्वतको एक निजी विद्यालयका विद्यार्थीले वैकल्पिक ऊर्जाको खोजी गर्दै एलपी ग्याँसको विकल्पको रूपमा रहेको सुधारिएको चुलो बनाउने सिप सिक्न व्यस्त देखिएका छन् । सदरमुकाम कुश्मा बजारस्थित पर्वत गुरुकुल एकेडमीका कक्षा ९ र १० का विद्यार्थी आधुनिक प्रविधिको सुधारिएको चुलो बनाउने सिप सिक्न कस्सिएका हुन् ।

पछिल्लो समय एलपी ग्याँसको सहज आपूर्ति नहुँदा खाना पकाउन दाउराको प्रयोग गर्नेको संख्या ह्वात्तै बढेर गएको छ। दाउराको प्रयोग गरी खाना पकाउँदा भने धुवाँबाट गृहिणीलाई विभिन्न खाले स्वास्थ्य संक्रमण हुने र दाउराको पनि बढी प्रयोग हुने भएकाले सुधारिएको चुलोप्रति आकर्षण बढेर गएको छ । 'चुलो बनाउने सिप विद्यालयस्तरबाटै सिकाउँदा विद्यार्थीमार्फत घरसम्म चुलोको प्रविधि पुग्छ,' गुरुकुल एकेडेमीका प्रिन्सिपल केशवराज पुरीले बताए ।



प्रधानमन्त्री केपि शर्मा ओली कायममुकायम सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईलाई प्रधानमन्त्री निवास बालुवाटारमा बधाई दिँदै ।

तस्बिर सौजन्य : आनन्दराम डंगोल

# गौर तनावग्रस्त

## जिल्ला अदालत तथा वारुण यन्त्रमा समेत तोडफोड

**रमेश तिमल्सिना/राजधानी**
रौतहट, ४ पुस

रौतहटको सदरमुकाम गौरमा आन्दोलनरत मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबिच शनिबार दिनभर भिडन्त भएको छ। मोर्चाले मधेस आन्दोलनलाई थप कडा र निर्णायक बनाउन सशक्त रूपमा प्रदर्शन गर्न भन्दै आन्दोलन उग्र भएपछि प्रहरी र आन्दोलनकारीबिच झडप सुरु भएको हो ।



प्रदर्शनकारीले सरकार पक्षले आम हडतालको अवज्ञा गरी सरकारी कार्यालय खोलेको भन्दै जिल्ला प्रशासन, जिल्ला अदालतमा तोडफोडसमेत गरेका छन् ।

प्रदर्शनकारीले नेपाली कांग्रेस जिल्ला कार्य समिति रौतहटको कार्यालयमा समेत तोडफोड गरेका थिए । सो कार्यालयमा समान्य क्षति पुगेको छ ।

यसैगरी प्रदर्शनकारीले शनिबार गौर नगरपालिकाको वारुणयन्त्र तोडफोड गरेका छन् । गौर नगरपालिका-१० स्थित सबगढवा टोलबाट आगो निभाई फर्किरहेको अवस्थामा गौरको बीपी चौकमा वारुणयन्त्रमा ढुंगामुढा प्रहार गरी तोडफोड गरेका हुन् ।

प्रदर्शनकारी र प्रहरीबिच झडप चलिरहँदा आक्रोशित प्रदर्शनकारीको भिडले सो घटना घटाएको हो । सबगढा निवासी लक्ष्मण साहको घरमा लागेको आगो निभाएर फर्कने क्रममा प्रदर्शनकारीले ढुंगामुढा गर्न थालेपछि वारुण यन्त्रमा सवार राजेन्द्रप्रसाद साह, करिम अन्सारी, गेना पण्डित, सन्तोष केशरीसहित घाइते भएका छन् । उनीहरूको उपचार गौरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

शनिबार बिहान संघीय समाजवादी विद्यार्थी फोरम नेपालको केन्द्रीय सदस्य ललन यादवलाई प्रहरीले पक्राउ गरेको आरोपमा रौतहटमा प्रहरी र आन्दोलनकारीबिच झडप भएको थियो ।

मधेस आन्दोलनको अन्तिम धक्का स्वरूप शनिबार बिहानैदेखि रौतहटको सदरमुकाम गौरको मधेसी क्रान्ति चौकमा ठाउँठाउँमा टायर बाली प्रदर्शन गर्नुका साथै वीरेन्द्र राजमार्गअन्तर्गत गौर बस पार्कनजिक बोल्डरले बाटो अवरुद्ध गर्ने क्रममा विद्यार्थी नेता यादवलाई रौतहट प्रहरीले पक्राउ गरेपछि रिहाइको माग गर्दै आन्दोलनकारी प्रदर्शनमा उत्रेका हुन् ।

प्रदर्शनमा उत्रेका सर्वसाधारणले लगभग एक घन्टा एकतर्फी रूपमा प्रहरीमाथि ढुंगा बर्साएका थिए। भिडलाई नियन्त्रण लिन प्रहरीले एक दर्जनभन्दा बढी अश्रु ग्याँस र १० ओटा हवाइफायर गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका उपरीक्षक गणेश रेग्मीले बताए । हाल रौतहटको सदरमुकाम गौर स्थिती समान्य रहेको उपरिक्षक रेग्मीले बताए ।

# जमुनाह नाका सहज

## लक्ष्यभन्दा बढी राजस्व उठ्यो

**रुद्र सुवेदी/राजधानी**
नेपालगन्ज, ४ पुस

नेपालगन्ज भन्सार कार्यालयले जमुनाह नाका सहज भएपछि मंसिर महिनामा लक्ष्यभन्दा करिब ७ प्रतिशत बढी राजस्व संकलन गरेको जनाएको छ ।

भारतको अघोषित नाकाबन्दी तथा संयुक्त थरुहट मधेस संघर्ष समिति बाँकेको दशगजा केन्द्रित आन्दोलनलगायत अवरोधका बाबजुद पनि नेपालगन्ज भन्सार कार्यालयले मंसिर महिनामा तोकिएको लक्ष्यभन्दा बढी राजस्व सजिलै पूरा गरेको हो ।

कार्यालयको मंसिर महिनामा ३२ करोड ६५ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहे पनि ३४ करोड ८८ लाख रुपैयाँ राजस्व संकलन भएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख राजेन्द्र हमालले जानकारी दिए ।

उनले भने, 'केही दिनयता नाका विगतमा जस्तै गरी सञ्चालनमा आएको छ। यसले राजस्व संकलनमा पनि प्रगति देखिएको छ ।' उनले सामान्य अवस्थामा नेपालगन्ज भन्सार कार्यालयले दैनिक करिब १ करोडको हाराहारीमा राजस्व संकलन गर्ने भए पनि बन्द र हडतालका कारण साउन र भदौ, असोज र कात्तिकमा राजस्व उठ्न नसक्नुका साथै विभागले तोकेको लक्ष्यमा पनि असर परेको जानकारी दिए ।

२४ मंसिरदेखि १ पुससम्मको अवधिमा मात्र १६ करोड १३ लाख रुपैयाँ राजस्व संकलन भएको भन्सार कार्यालयले जानकारी दिएको छ। २४ मंसिरपछि नाका सहज भएपछि दैनिक करिब २ करोड रुपैयाँ बढी राजस्व संकलन भइरहेको नेपालगन्ज भन्सार कार्यालयले जनाएको छ ।

दैनिक १ करोड रुपैयाँ राजस्व संकलन हुनेमा मधेस आन्दोलन र भारतको नाकाबन्दीले राजस्व घटेर कहिलेकाहीँ १ हजार मात्र पनि पुग्ने गरेको थियो । नाकामा भारतीय सुरक्षाकर्मीको अवरोध हट्नुका साथै मधेसी मोर्चाका कार्यकर्ताको धर्ना तथा प्रदर्शन रोकिएपछि नेपालगन्ज नाका सहज बन्दै गएको हो ।

यसैबिच नेपालगन्जको जमुनाह नाकाबाट शनिबार दिउँसो ४ बजेसम्म मात्र ४ बुलेट ग्याँससहित ५३ मालबाहक गाडी भित्रिएका छन् ।

इलाका प्रहरी कार्यालय जमुनाहका प्रहरी सहायक निरीक्षक हरि गुरुङले दिएको जानकारीअनुसार नाका सामान्य दिनहरू झैं सहज अवस्थामा रहेको र भारतबाट आउने मालबाहक गाडीलाई कुनै अवरोध छैन ।

गत १३ देखि २१ मंसिरसम्म संयुक्त थरुहट मधेस संघर्ष समिति बाँकेको दशगजा केन्द्रित आन्दोलनका कारण तनावग्रस्त भएको नाका २२ मंसिरदेखि सञ्चालन भएको थियो । सो नाकाबाट अन्य सामान आउन थाले पनि २४ मंसिरबाट मात्रै प्रेट्रोलियम पदार्थ बोकेका ट्यांकर तथा ग्याँसका बुलेट नेपाल सहज रूपमा प्रवेश गर्न थालेका थिए ।

इलाका प्रहरी कार्यालयका अनुसार २४ मंसिरदेखि हालसम्म सो नाका हुँदै प्रेट्रोल १८, डिजेल १ सय ५६, हवाई इन्धन १९ ट्यांकर, खाना पकाउने एलपी ग्याँस २९ बुलेट र अन्य मालबाहक गाडी ९ सय ५४ ओटा नेपाल प्रवेश गरेका थिए ।

एक सातादेखि पेट्रोलियम पदार्थ र खाना पकाउने एलपी ग्याँस भित्रिएपछि नेपालगन्जलगायत क्षेत्रमा इन्धन तथा खाना पकाउने एलपी ग्याँसको आपूर्ति सहज बन्दै जान थालेको छ ।

# आमाछोरीको हत्या

**राजधानी संवाददाता**
रौतहट, ४ पुस

जिल्लाको हर्दिया पल्टुवा-३ मा आमाछोरीको हत्या भएको छ। हर्दिया पल्टुवा गाविस बस्ने रामबालक साहकी ४० वर्षीया श्रीमती रेनु साह र १० वर्षीया छोरी अंकिता साहको हत्या भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

सो गाविसमा रहेको प्राथमिक विद्यालयको पछाडिपट्टिको खाली चौरमा धारिलो हतियार प्रहार गरी हत्या गरेको अवस्थामा दुई शव फेला परेको प्रहरीले जनाएको छ । धारिलो हतियारले घाटी र टाउकोमा काटी मारेको अवस्थामा एकजना महिला र बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलले बताए ।

शुक्रबार राति हत्या भएको स्थानीयको अनुमान रहेको छ । घटनाबारे जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक गणेश रेग्मीसहित इलाका प्रहरी कार्यालय समनपुर र इलाका प्रहरी कार्यालय गरुडाको टोली घटनास्थलमा पुगेको थियो ।

हत्या हुनुको कारणबारे अझै खुल्न सकेको छैन । घटना गम्भीर प्रकृतिको भएको हुँदा गहन रूपमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक रेग्मीले बताए ।

# महन्तले गरे कारबाहीको माग

**राजधानी संवाददाता**
जनकपुरधाम, ४ पुस

विवाहपञ्चमीका दिन जानकी मन्दिरमा तोडफोड गर्नेलाई कारबाहीको माग गरिएको छ । जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले मन्दिरमा तोडफोड गरी मन्दिरको मात्रै नभई हिन्दुहरूको आस्थासँग खेलवाड भएको बताएका छन् ।

महन्तले जनकपुरमा शनिबार पत्रकार सम्मेलन गरी यस्तो माग गरेका हुन् । पत्रकार सम्मेलनमा उनले मन्दिरमा आउने सबैलाई फूलमाला दिने गरेकोमा कसैले विरोध गर्छन् तापनि त्यसको परवाह नरहेको पनि बताए ।

राष्ट्रपति विद्यादेवी भण्डारीलाई विरोध गर्ने नाउमा मन्दिरभित्र दर्जनौं व्यक्ति प्रवेश गरेका थिए। पुजारी र महन्तको मात्रै प्रवेश रहेको जानकीको मूलद्वारमा केही व्यक्तिले जुत्ताचप्पल लगाएर मात्रै गएनन् जुत्ताले चाँदीको ढोकामा हिर्काएको उनले बताए । मन्दिरको झलर, ऐना, गेट तोडिएको छ । पुजारीलाई समेत कुटपिट गरिएको थियो । पिटाइ खाएका पुजारी मनोज दासले तोडफोड नगर्न भनेपछि उनीमाथि नै आक्रमण गरेको जानकारी दिए ।

तोडफोड र पटकपटक भएको आक्रमणका कारण बर्सौंदेखिको शोभायात्रा निकाल्ने परम्परा रोकिएको थियो । मन्दिरमा भएको आक्रमणको चारैतिरबाट आलोचना भएपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले पनि ९ सदस्यीय छानबिन समिति गठन गरेको छ ।

# आगलागीपीडितलाई सहयोग

**खोटाङ/रास–** दिक्तेलका आगलागीपीडितका लागि नेपाली कांग्रेस खोटाङले संकलन गरेको राहत रकम पीडित परिवारलाई प्रदान गरिएको छ । कांग्रेसले सदरमुकाम दिक्तेलमा शुक्रबार बिहान संकलन गरेको १ लाख ८१ हजार २ सय १७ रुपैयाँ राहत रकम पीडित परिवारलाई प्रदान गरिएको हो ।

आगलागीबाट विस्थापित बनेका दिक्तेल नगरपालिका-२ का हिरालाल पुरी र केशव दाहाललाई जनही ४५/४५ हजार, मोबाइल पसल सञ्चालक आशिष थापालाई २५ हजार, भाडामा बस्ने दलबहादुर थापा र बमबहादुर रायलाई जनही १५/१५ हजार, ब्युटी पार्लर सञ्चालक जुनुकला राई र टेलरिङ सेन्टर सञ्चालक कुमार सुन्दासलाई १०/१० हजार, घरमा आंशिक क्षति भएका दानबहादुर मगरलाई ११ हजार २ सय १७ र सैलुन सञ्चालक सन्तोष ठाकुरलाई ५ हजार रुपैयाँ प्रदान गरिएको राहत संकलन अभियानमा सहभागी कांग्रेस खोटाङका महासमिति सदस्य रविप्रकाश राईले बताए ।

आगलागीबाट सबैथोक गुमाएका परिवारको गाँस, बास र आवासको व्यवस्थाका लागि पार्टीको तर्फबाट राहत रकम संकलन गरेर पीडित परिवारलाई प्रदान गरिएको राईको भनाइ छ ।

# भूकम्पमा भागेका सबै कैदीबन्दीलाई दोहोरो मुद्दा

## ७१ सम्पर्कमा, १३७ अझै फरार

**दिनेश थापा/राजधानी**
सिन्धुपाल्चोक, ४ पुस

कर्तव्य ज्यान तथा जबर्जस्ती करणी मुद्दाका प्रतिवादी धुस्कुन-१ का सूर्य भनिने रामकृष्ण न्यौपानेलाई आइतबार प्रहरीले पक्राउ गर्‍यो । भूकम्पमा जिल्ला कारागार भत्कँदा भागेर ८ महिनासम्म फरार रहेका उनलाई पक्राउ गरी प्रहरीले कारागारको जिम्मा लगाइदियो ।

भूकम्पमा ज्यान जोगाउन जेलबाट भागेका तातोपानी-४ का कृष्णबहादुर तामाङ ३ मंसिरमा जिल्ला कारागारको सम्पर्कमा आए । भूकम्पमा कारागार भत्कँदा भागेका २ सय १६ कैदीबन्दीमध्ये आफैं कारागारको सम्पर्कमा आउनेमा उनी पहिलो हुन् । भूकम्पमा बाबुको मृत्यु भएपछि वृद्धा आमालाई साथै लिएर उनी कारागारको सम्पर्कमा आएका हुन् । जबर्जस्ती करणी मुद्दामा सजाय भोगिरहेका उनी भूकम्पमा कारागार भत्किएपछि ज्यान जोगाउन भागेका थिए ।

विदेशी मुद्रा अपचलन मुद्दाका प्रतिवादी कुन्चोकका इन्द्रबहादुर अधिकारीलाई प्रहरीले गत सोमबार पक्राउ गरेको छ । भूकम्पमा जेलबाट भागी फरार उनलाई विशेष सुराकीका आधारमा प्रहरीले पक्राउ गरेको हो ।




विनाशकारी भूकम्पमा जिल्ला कारागार चौताराबाट भागेर फरार भएका कैदीबन्दीमध्ये हालसम्म ८१ जनालाई कारागारमा ल्याइएको छ । भागेकामध्ये केही कैदीबन्दी आफैं सम्पर्कमा आएका हुन् भने अधिकांशलाई प्रहरीले विभिन्न समयमा विभिन्न स्थानबाट पक्राउ गरी कारागारको जिम्मा लगाएको हो ।

भूकम्पमा कारागार भत्कँदा भागेका सबै कैदीबन्दीलाई जिल्ला कारागारले दोहोरो मुद्दा चलाएको छ । भागेका २ सय १६ कैदीबन्दीलाई 'कैदीबन्दी जेलबाट भागेको' मुद्दा जिल्ला कारागारले अदालतमा दर्ता गराएपछि सम्पर्कमा आएका या फरार रहेका सबैमाथि दोहोरो मुद्दा चलाइएको कारागार कार्यालयले जनाएको छ ।

अघिल्लो मुद्दासँगै जेलबाट भागेको अर्को मुद्दा दर्ता भएपछि अघिल्लो मुद्दामा सफाया पाइसकेकाहरू पनि अब अर्को फैसला नभएसम्मका लागि जेलमा बस्नै पर्ने भएको छ । अघिल्लो मुद्दामा सफाया पाइसकेकाहरू कहिलेसम्म जेल बस्नुपर्छ भन्ने अनिश्चित नै छ । 'जेलबाट भागेको पुरक अभियोगमा मुद्दा चलिरहेको छ,' कारागार कार्यालयका सूचना अधिकारी आकाश अधिकारीले भने, 'अदालतले फैसला नगरेसम्म भन्न सकिन्न ।'

कैदीबन्दी भागेपछि जिल्ला कारागार कार्यालयले दुई चरणमा उनीहरूमाथि मुद्दा चलायो । १० साउनमा सम्पर्कमा आएकालाई छुट दिँदै जिल्ला कारागारले सोही दिन फरारहरूलाई मात्र जेलबाट भागेको अभियोगमा अदालतमा मुद्दा दर्ता गर्‍यो ।

तर, कारागार विभागले सम्पर्कमा आएकालाई पनि भागेको पुरक अभियोगमा मुद्दा चलाउन पत्र पठाएपछि सम्पर्कमा आएका र नआएका २ सय १६ जनामाथि नै अघिल्लो मुद्दासँगै जेलबाट भागेको अर्को अभियोग थपियो अनि ११ भदौमा अदालतमा अर्को मुद्दा दर्ता भयो ।

जिल्लाका अधिंकाश सरकारी कार्यालय मर्मत सुरु भएर कार्यालय सञ्चालन भए पनि कारागार भने मर्मतसम्भार नै सुरु गरिएको छैन । कारागार नहुँदा सम्पर्कमा आएका कतिपय कैदीहरूलाई राख्ने ठाउँ नै छैन । प्रहरीको हिरासत कक्षमा केही दिन राखेर कैदीहरूलाई धुलिखेल वा अन्यत्र लैजाने गरिएको छ । पुर्पक्षमा रहेकाहरूलाई अदालतमा ल्याउनसमेत समस्या हुने गरेको प्रहरीको भनाइ छ ।

### सम्पादकीय

## संवादका लागि उपयुक्त अवसर

**चार महिना अघिदेखिको तराई–मधेस आन्दोलन लगभग अवतरणको चरणमा प्रवेश गरेको अनुभूति गरिएको छ, जुन आमनेपाली र नेपालका लागि सुखद कुरा हो। आन्दोलनरत मधेसी मोर्चाकै विरोधका बिचमा रूपान्तरित संसद्ले पुनर्निर्माण प्राधिकरण विधेयक र संविधान संशोधन विधेयक संसदमा एकसाथ टेबुल गरेपछि यो सम्भावना बढेर गएको हो। मोर्चासमेतको समर्थनमा पुनर्निर्माण प्राधिकरण विधेयक संसद्बाट पारित भइसकेको छ भने मोर्चाका माग सम्बोधन गर्न ल्याइएको संविधान संशोधन विधेयक छलफलका क्रममा छ। यद्यपि, मोर्चाले संशोधन विधेयकमा आफ्नो असहमति जाहेर गरेको छ। यसैबिच 'सहमति जुटाउनका लागि' संसद् बैठक पाँच दिनसम्मका लागि स्थगित गरिएको छ। यसले सरकार, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र मधेसी मोर्चाका प्रतिनिधिबिच सघन वार्ता हुने र त्यसबाट निचोडमा पुग्ने अवसर प्रदान गरेको छ।**

**आन्दोलनरत मधेसी मोर्चा प्रधानमन्त्रीको निर्वाचनबाट नै सदनमा आइसकेको हो। सदन लोकतान्त्रिक व्यवस्थामा बहस, अन्तर्क्रिया र विरोध गर्ने वैधानिक थलो हो। त्यसैले पनि संविधान संशोधन विधेयकमा मोर्चाको समेत समर्थन जुटाउन कठिन हुने छैन। केही समयअघि परराष्ट्रमन्त्री कमल थापाको नयाँ दिल्ली भ्रमणका क्रममा प्रस्तुत चारबुँदे सहमति र त्यसैको सेरोफेरोमा काठमाडौँमा जुटेको प्रमुख दलीय साझा सहमति अहिले विकसित घटनाक्रमका सन्दर्भमा संवादबाटै सहमति खोज्न सार्थक हुने छ। यद्यपि, यसका लागि प्रमुख दलहरूले 'मेरो गोरुको बाह्रै टक्का' प्रवृत्ति त्याग्नु जरुरी छ भने मोर्चाले पनि सबै उपलब्धि अहिल्यै भन्ने हठ छाड्नुपर्छ। अहिलेको तराई–मधेसकेन्द्रित दलहरूको असन्तुष्टि असोज ३ मा जारी नयाँ संविधानलाई लिएर भएको हो। तराई–मधेस वा हिमाल पहाडमा आन्दोलन गरेर, बन्द र हडताल गरेर, नाकाबन्दी गरेर र आमसर्वसाधारणलाई सास्ती दिएर मोर्चाको असन्तुष्टि समाधान हुन सक्दैनथ्यो। यसका लागि उपयुक्त समाधान संवाद नै हो। यस पटकको अवसरलाई उपयोग गर्नु स्वयं मोर्चाको पनि हितमा छ।**

**मोर्चाले शुक्रबार मात्र सार्वजनिक गरेको आन्दोलन कार्यक्रममा मुलुक र आमजनजीवन ठप्प बनाउने सीमा नाका अवरोध र आमहडतालबारे कुनै उल्लेख गरेको छैन। यसैले पनि ऊ संवादको बाटोबाट सकेसम्म चाँडो जारी आन्दोलनको विश्रामको अभ्यासमा छ भन्ने अनुमान गर्न ससकन्छ। चार महिनासम्म चलेको आन्दोलनले देश र जनतालाई सास्तीमाथि सास्ती थप्नेबाहेक कुनै उपलब्धि नहुने उनीहरूले पनि देखिसकेका छन्। यसर्थ, अब यही अवसरलाई सदुपयोग गर्दै सरकारमा सहभागी दलहरू, प्रमुख प्रतिपक्षी कांग्रेस र आन्दोलनरत मधेसी मोर्चाले निष्कर्षसहितको वार्ताबाटै समाधान खोज्नुको विकल्प छैन। भलै त्यसका लागि मोर्चाले माग गरेअनुसार नै हालसम्मको काठमाडौँको वार्तास्थल जनकपुर, वीरगन्ज वा विराटनगर तय गरियोस्, त्यसले केही फरक पार्दैन।**

# प्रिय मधेस, सविनय अनुरोध



■ डा. अतीन्द्र दाहाल

लामो मधेस आन्दोलनले देश शिथिल बन्दै गएको छ। अनेकन आरोहअवरोहका बिच आन्दोलनको नयाँ ११ दिने तालिका सार्वजनिक भएबाट मधेस आन्दोलनको तत्काल निकास सम्भव देखिँदैन। निकट भविष्यमा नै देश सप्रिने वा सकिने कुनै एक सम्झौतामा नेताहरू पुग्ने छन् अनि सायद आन्दोलन रोकिने छ। घटनाक्रम हेर्दा पछिल्लो समय मधेस आन्दोलनलाई सुरक्षित अवतरणको ठुलै सकस परेको चाहिँ देखिन्छ। संविधानमा असहमत हुनु तर संविधान संशोधन विधेयकलाई चाहिँ नस्वीकार्ने मधेसकेन्द्रित दलको व्यवहारले अनेक शंका जन्माउँदै छ।

आन्दोलनको आवरणमा कतिपय आततायी घटना भए, जसलाई देशको सरकार तथा उपल्ला नेताहरूले स्थिति सहज पार्ने निहुँमा बिर्सिदिए पनि स्वतन्त्र र सार्वभौम नागरिकले मनमा गाँठो पारेरै बसेका छन्। एम्बुलेन्सबाट खोसेर मारिएका प्रहरी, उपचार गर्न लान नदिएर मरेका बालक अनि विभिन्न बहानामा जिउँदै आगो लगाइएका नागरिकहरू मधेसकै थिएनन् र ? यस प्रकारको आन्दोलनले मारमा परेका आममधेसी नागरिक भित्रभित्रै आन्दोलनकारी शक्तिको विरुद्धमा एकमत भइरहेका छन्। शान्त छन्, तर आन्दोलनलाई स्वीकारेका छैनन्।

पछिल्लो पटक राष्ट्रप्रतिमाथि ढुंगा प्रहार भएपछि मधेसको मर्यादा र मूल्य कि त दूषित भएको छ, कि त नेतृत्वले गलत हिसाबमा तोडमोड गरेको छ भन्ने प्रस्टै हुन्छ। मधेसीलाई नेपाली नागरिक गनिएन भनेर बारम्बार विलासी गुनासो गर्ने नेताहरूले पहाडी वा मधेसी भन्ने कुनै चर्चाबिना प्रथम राष्ट्रपति रामवरण यादवलाई देशका एकएक नागरिकले सात वर्ष प्रदान गरेको अति उच्चआदर र सम्मान बिर्सिए अनि वर्तमान राष्ट्रपतिमाथि ढुंगा बर्साउने कार्यक्रम बनाएर कसलेचाहिँ सामुदायिक हिंसा र दरार चाहेको छ भन्ने प्रस्ट पारे। यद्यपि, मधेसका नेताको यस्तो कार्यक्रम थिएन भने देशको सर्वोच्च निकायमाथि भएको सो घटनाप्रति किन खेद प्रकट र क्षमा याचना गरिएन ? कि उनीहरू चाहिँ नेपाललाई आफ्नो मान्न चाहिरहेका छैनन् ? अझ एक फेसबुक प्रयोगकर्ताबाट आएको स्ट्याटसले मधेस महिलाप्रति कति निरंकुश र आततायी भावनाले ग्रस्त छ भनेर देखाउँछ। तर सो कलंकको उदाहरणले आममधेसका समादरणीय नागरिकको भावनालाई गलत बुझिनुहुँदैन। विश्वास छ, पूरै मधेस सो व्यक्ति जत्ति नै प्रदूषित छैन र किन्चित हुन सक्दैन पनि। यद्यपि, मोर्चाले महिलाको तेजोबध गर्दैन र सम्मान गर्छ भने त्यस्ता व्यक्तिमाथि कारबाही गर्ने हिम्मत राख्नुपर्दैन र ?

सत्ताका खेलाडीका आ-आफ्नै उद्देश्यका बाबजुद आमसर्वसाधरण नागरिकले राजनीतिका केही रहस्य र स्थायी चरित्रहरू आत्मसात् गर्न भुल्नुहुँदैन। आन्दोलनको नाममा मधेसका नेताहरूको भित्री स्वार्थचाहिँ सत्ता पनि हो। राजनीतिमा जतिसुकै नागरिक मूल्य र मान्यताका मुद्दाको आवरण लगाइए पनि त्यसको अन्तिम सोच सत्तासँग जोडिएको हुन्छ। कुनै बेला मधेसलाई प्रतिनिधित्व गर्ने मानिसको सरकारदेखि राज्यका निकायका मुख्य पदहरूमा बाहुल्यताको अवस्था हुँदा किन आफैँले ती मागहरू पूरा गरेनन् ? अनि अहिले ती मागको भऱ्याङ देखाएर सत्ता पाउने ध्येय हुँदै छ ? नाजायज र राष्ट्रको अहित गर्ने मागहरू त कहिल्यै पूरा हुँदैनन् तर नेताहरू नागरिकको जीवनसँग सम्बन्धित मागलाई प्रयोग गरेर सत्तामा पुग्छन् अनि कर्तव्यचाहिँ बिर्सन्छन्, अब पनि यही नै हुने छ।

स्वतन्त्र चेकोस्लोभाकियाका प्रथम राष्ट्रपति भन्थे, 'आन्दोलन गर्नु कविता र आफैँ जिम्मेवारी लिएर देश चलाउनु कथा लेखेजस्तै हो।' कविता आवेग र उन्मादले पनि बन्दछ तर कथा कठोर वास्तविकताले मात्र। वीरगन्जमा बसेर 'झापासम्म चाहियो' भन्दा भोलि झापाका मानिसले गर्ने विद्रोह र विरोध कति विस्फोटक हुन्छ भन्ने अन्दाज नगर्नु मधेसका नेताहरूको कमजोरी हो। सरकारले कुनै दबाबमा आएर विवादित जिल्लाको सीमांकन हेरफेर गरे त्यहाँ विस्फोट हुने आन्दोलन सम्हाल्न सरकार वा मोर्चा कसैले सक्दैन।

**कसैको कुबुद्धि र उक्साहटमा परेर दुवै आगो भयौँ भने आउन सक्ने दुर्घटनाभन्दा पहिल्यै हामी सचेत बन्नुपर्छ। मधेस आन्दोलनका नाममा उठेका केही मुद्दा तथा भएका गतिविधका कारण मधेसकै नागरिकलाई लज्जा महसुस भएको अनि उनीहरूको स्वाभिमानमा आँच आएको अवस्था देख्दा मधेसइतरका मानिसलाई समेत असहज अनुभव हुन थालेको छ।**

अहिले विवादित जिल्लाहरूका मधेसमूलकै नागरिकमध्ये प्रस्तावित एक नम्बरमा रहन चाहनेको संख्या अधिक छ। उनीहरू मधेस बाहुल्य प्रदेशभन्दा अन्य प्रदेशमा रहँदा अल्पसंख्यकका हिसाबले समानुपातिक सुविधाको उपभोग गर्न सकिने र राज्यबाट तुलनात्मक लाभ बढी लिन सकिने आशा गर्छन्।

तराईको समथल मात्र भूभाग मिलाएर प्रदेश बनाउने माग दीर्घकालमा निकै घातक हुन्छ। नेताको त देश विदेशमा स्थानान्तरण हुने औकात छ, तर यसको प्रत्यक्ष मारमा आमनागरिक पर्छन्। समथल मात्र भूभागमा कुनै पनि स्रोत साधन छैन। तराईको एउटै क्षमता भनेको कृषि हो, जसमा अब मानिसको आकर्षण रहेन। त्यसकारण, आर्थिक प्रगति सुस्त बन्छ। वातावरण असन्तुलन, उष्ण तपामान अनि प्रदूषणका कारण अबको बसाइँसराइ चक्र विपरीत बन्ने छ। सहरबाट गाउँ र तराईबाट पाहाड सर्ने क्रम सुरु हुन्छ। सो समय मधेसका नागरिक विकल्पविहीन बन्ने छन्।

नेपालको नेतृत्वलाई प्रभावमा पारेर भारतले हाम्रा नदीनालामाथि नियन्त्रण चाहन्छ। भारतीय प्रधानमन्त्रीले नेपाल भ्रमणको क्रममा गरेको सम्बोधनमा जलस्रोतलाई खरिदन चाहेको बताए। उनले आफ्ना भूभागमा सिँचाइको आयोजना अगाडि सार्दै छन्। भोलि सिमानामा ठुलाठुला बाँध बाँधिएपछि तराईमा डुबानको समस्या आउँछ। आज तराई मात्र मिलाएर प्रदेश बनाउनुपर्छ भन्नेहरूले भोलि डुबानको सम्भावना आए नागरिकालाई कहाँ लगेर व्यवस्थापन गर्छन् ?

मधेस पाहाडबाट कहिल्यै हेपिएको र गलत स्वार्थले बेरिएको छैन। मधेसकै नेताहरूको कुत्सित मनसायबाहेक पहाडले मधेसमाथि गरेको एउटै अन्याय नागरिकस्तरको लवजचाहिँ अवश्य हो। अझै पनि मधेसीमूलका अधिकांश नागरिकलाई सम्मानजनक नभई अलिक हेयभाव बुझिने शब्द प्रयोग गरेर बोलाउने गलत र निन्दनीय काम हुन्छ। जानेर वा नजानेर पाहाडका मानिस यहाँ चुकेका छन्, जसले मधेसको आत्मसम्मानमा ठेस लागेको हुन सक्छ। यसको समाधान र परिस्कृत संस्कार निर्माण पाहाड र तराई सँगै मिलेर मात्र हुन्छ। अमेरिकी अश्वेत आन्दोलनका नेता मार्टिन लुथर किङले समानताको प्रत्याभूतिका लागि काला र गोरा मानिसले एकअर्कामा अंकमाल गरेको र उनीहरूका छोराछोरी एउटै टेबलमा बसेको हेर्ने सपना सुनाउँथे। तर, यहाँ केही नेता विभाजनको विचार फैलाउँदै छन्। छुट्टिएर त समानताको निर्माण भए/नभएको हेर्न सकिन्न, यसका लागि त सँगै बस्नुपर्छ।

नेताहरू चाहन्छन्, अहिले मधेस मात्र भनिएको ठाउँ उनीहरूको नेतृत्वमा परे अझै केही समय जमिनदारी सहज हुन्छ। सामाजिक चेतनाको स्तर मधेसमा निकै कमजोर भएकाले त्यहाँ नेतृत्वको सामन्ती सोचबिना व्यवधान लागु हुन्छ। इतिहासको कुनै समय राज्यले मधेसलाई पछि पारेको थियो तर समानुपातिक प्रतिनिधित्वको सुनिश्चिततापछि त्यो अवस्था छैन। मधेसकै केही आन्तरिक समस्याहरू छन्। जमिनदारी छ, कमारा-कमारी प्रथा छ, दहेज जस्तो कुरीति छ। छोरोको मोलमोलाई गर्ने र विवाहलाई बिक्री वितरण बनाउने कुचलन छ। दहेजका नाममा बुहारी जिउँदै जलाउने र महिलामाथि हुने चरम हिंसाका उदाहरण सघन छन्, जातीय भेदभाव चरम छ। यही अज्ञानताको कारण मधेस नेतृत्व त्यहाँका जनतालाई भड्काउन सहजै सफल हुन्छ। मधेसले यी समस्यामा अरूलाई औँला सोझ्याउनु भन्दा आफू परिवर्तन हुनुको विकल्प छैन। परिवर्तन हुन चाहेमा अन्य समुदायको सहानुभूति र सद्भाव जहिल्यै पनि मधेससँगै रहन्छ।

काठमाडौँका शासकलाई तह लगाउने भन्दै गरिएको नाकाबन्दीले सास्तीचाहिँ नागरिकलाई भएको छ। अनि मधेसमा आदिवासी नेपाली भन्दा अंगीकृतलाई प्राथमिकतामा राखेर भएको वकालतले त्यहाँसमेत नागरिकमाथि अन्याय गरिँदै छ। यद्यपि, मधेसमा पहाडिया र पाहाडमा मधेसी समूहले अहिलेसम्म नागरिक तहमा एकअर्काप्रति देखाएको सम्मान अनि आदरभावलाई दुवै समूहले सम्मान गर्नै पर्छ।

देशका एकसेएक मन्त्रीदेखि राज्यका उपल्लो तहसम्म मधेसमूलका मानिसको प्रतिनिधित्व नभएको पनि होइन। मधेसलाई नेतृत्व गर्ने राजेन्द्र महतोदेखि हृदयेश त्रिपाठीसम्म पटकपटक मन्त्री भएका हुन्। देशका धनाढ्य व्यापारीहरू मधेसमूलबाटै छन्। मधेस पछि पर्नुमा सिंगो राज्यसत्ता कम र राज्यसत्तामा मधेसलाई नेतृत्व गर्ने भनेर बारम्बार गएकाहरूको गलत नियत बढी जिम्मेवार छ। मधेसलाई विकास गर्ने उद्देश्यको आन्दोलन अन्य समूह र नागरिकलाई अप्ठ्यारो पार्ने गरी होइन, मधेसको नेतृत्व गर्नेहरूको दिमाग र सोच परिवर्तन गर्न दबाब दिने गरी गर्दा मात्र सम्भव छ। शान्त दिमागले सोच्दा अहिले मधेस नेतृत्वले उठाएका मुद्दाहरू पनि नागरिकको प्रगतिमा न्यून र नेताहरूको राजनीतिक स्वार्थपूर्तिमा बढी केन्द्रित छन्।

काठमाडौँमा हरेक दिन जस्तो सानाठुला कार्यक्रम भएका छन्। मधेसका आमनागरिकको जीवनचर्या र व्यक्तिगत अनि पेसागत दक्षता तथा वृत्तिविकासमा योगदान गर्ने समानुपातिकताको विषयलाई राज्यले सम्बोधन गर्नुपर्छ भनेर सबैले स्वीकारेकै छन्, कार्यक्रममा भनेकै छन्। जसरी काठमाडौँका नागरिकले मधेसको जायज माग सम्बोधन गर्नुपर्छ भनेर सरकारलाई आ-आफ्ना क्षेत्रबाट सन्देश दिने काम गरिरहेका छन्, त्यसैगरी 'मधेस आन्दोलनको स्वरूप बदलेर संसद् भवनभित्रै समाधान खोज्दै नागरिकलाई दुःख दिने धर्ना छोड्' भन्ने कामचाहिँ मधेसमा बस्ने वा मधेसमा जन्मथलो भएर पनि बाहिर बस्ने आममधेसका सचेत नागरिकले गर्नुपर्छ। निर्वाचन क्षेत्र निर्धारण र समानुपातिक प्रतिनिधित्वबाहेकका अन्य एजेन्डामा नेतृत्वको स्वार्थ सामान्य राजनीतिक व्याख्या र विश्लेषणको सीमाभन्दा बढी अहितकर छ। यसले नागरिकको भलाइमाथि छिमेकीले सलाइ कोर्ने वातावरण बनाउने निश्चित छ। अन्य समूहका मानिसहरूले यही कुरा उठाएमा विषयवस्तुको सान्दर्भिकताभन्दा 'ऊ मधेसका विरुद्ध भएको' आरोप लगाइन्छ।

मधेस र पाहाडमा एकअर्काको भावना बुझ्ने मानिसको संख्या दुवै पक्षमा निकै कम छ। मधेसमा विनाआधार मधेसलाई पाहाड र संविधानले हेपेको भनेर गलत भ्रम छरिएका कारण एउटा ठुलै समूह उष्ण उग्रता देखाउन लालायित छ। दुर्भाग्य, भोलि कसैले पहाडमा पनि 'मधेसले पाहाडलाई दुःख दिने नियत राखेर यस्तो आन्दोलन गरेको' भन्दै त्यस्तै भ्रम छरेर मानिसलाई सडकमा ल्याउने गलत मौका छोप्यो र हिंसा भड्कने अवस्था आयो भने त्यसले कसैको राम्रो गर्दैन। एउटा आगो हुँदा अर्को पानी हुने अनुभव र अभ्यास तपाईं हामीमा दुवैमा छ। कसैको कुबुद्धि र उक्साहटमा परेर दुवै आगो भयौँ भने आउन सक्ने दुर्घटना भन्दा पहिल्यै हामी सचेत बन्नुपर्छ। मधेस आन्दोलनका नाममा उठेका केही मुद्दा तथा भएका गतिविधका कारण मधेसकै नागरिकलाई लज्जा महसुस भएको अनि उनीहरूको स्वाभिमानमा आँच आएको अवस्था देख्दा मधेसइतरका मानिसलाई समेत असहज अनुभव हुन थालेको छ।

तसर्थ, मधेस अब शान्त हनुपर्छ र सुरक्षित अवतरण लिनुपर्छ। यद्यपि, नेतृत्वबाट सायद यो सम्भावना छैन, किनकि आन्दोलन कसले गरिरहेको भन्नेमा फरकफरक दाबी आउन थालेका छन्। भोलि सार्वजनिक रूपमै विवाद हुँदा त्यसले मधेसका नागरिकको आत्मसम्मानमा अर्को चोट पुऱ्याउँछ। आममधेसको सचेत नागरिक समूहले यो वातावरण बनाउन जरुरी बन्दै गएको छ। आत्मीयता फाट्नुअघि नै आन्दोलन रोक्न नागरिकस्तरबाटै दबाब उठ्नुपर्छ। प्रिय मधेस, अब सबैले यो सत्य बुझ्नुपर्छ।

# 'ग्रेटर नेपाल' कि 'बेटर नेपाल'



■ डा. टीकाराम पोखरेल

पछिल्लो समयको भारतीय अघोषित नाकाबन्दी सँगसँगै राष्ट्रियताको नारा चर्को रूपमा उठ्यो। हिजोका दिनमा भए राष्ट्रियताको नारा सायद सडकमा घन्किन्थ्यो। आजकलचाहिँ त्यो नारा दन्कने ठाउँ फेसबुक, ट्विटरजस्ता सामाजिक सञ्जाल बन्न पुगेका छन्। नेपालको राष्ट्रियता भन्नासाथ जानेर वा नजानेर भारतमा गएर ठोकिन्छ। यही राष्ट्रियतासँग जोडेर कहिलेकाहीँ 'ग्रेटर नेपाल' पनि आउने गर्छ। कहिले अलि बढी तात्ने र कहिले केही मत्थर हुने ग्रेटर नेपाल अभियान नेपाल-ब्रिटिस इन्डियाको इतिहाससँग जोडिएको छ।

ग्रेटर नेपालका हाम्रा अभियानकर्ताले ग्रेटर नेपालको रूपमा दाबी गरेको भूभाग अहिले भारतीय सीमाभित्र पर्दछ। त्यसमा पनि भारतको उत्तराखण्डमा यो भूमि धेरै छ। हामी २०६७ सालमा भारतको उत्तराखण्डको एउटा प्रमुख सहर पिथौरागढ पुगेका थियौँ। पिथौरागढ सहर वैतडी सदरमुकामदेखि सडकमार्गबाट तिन घण्टाको दूरीमा पर्छ। यता वैतडी सदरमुकाम अन्धकार भए पनि उताको पिथौरागढचाहिँ झन्डै युरोपको कुनै सहरको झझल्को आउने खालको झलमल्ल छ। त्यही झलमल्लमा एक रात बिताएपछि बिहानीपख टहलिन बाहिर निस्कँदा एकजना पाठक थरका भारतीयसँग भेट भयो। उनी नेपालको इतिहासको जानकार रहेछन्। नेपालमा दरबार हत्याकाण्ड भएको १० वर्ष हुँदै थियो। उनले भनेका कुरा कति सत्य थिए, कति असत्य, त्यो आफ्नो ठाउँमा होला, तर उनले दरबार हत्याकाण्डभित्रका थुप्रै रहस्यमय कथा हामीलाई सुनाए। हामी काठमाडौँमा बस्नेलाई भन्दा हाम्रो देशमा घटेका घटनाभित्रका रहस्यहरु एकजना भारतीय नागरिकलाई बढी थाहा भएको देखेर हामी छक्क परेका थियौँ।

पिथौरागढमा गोर्खा किल्ला रहेछ। नेपाल एकीकरण अभियानको पश्चिमतर्फको नेतृत्व गरेका अमरसिंह थापा अंग्रेजहरूलाई विजय गर्दै पिथौरागढ पुगेपछि त्यहाँ किल्ला बनाएका रहेछन्। अहिले त्यही गोर्खा किल्लामा पिथौरागढ जिला अदालत छ। हाम्रो यहाँ सिंहदरबार भन्नासाथ प्रधानमन्त्रीको मुकाम बुझिएजस्तो त्यहाँ गोर्खा किल्ला भन्नासाथ अदालत भन्ने बुझिन्छ। अदालत र गोर्खा किल्ला पर्यायवाची शब्द बनेका रहेछन्।

गार्खा किल्लाको कुरा आउनासाथ नेपाली मन जिज्ञासु नहुने कुरै थिएन। दुध डेरी चलाएर बसेका ती पाठक नेपाल-अंग्रेज युद्धका पनि पूरै जानकार रहेछन्। नेपाल एकीकरण अभियानमा नेपालीले पाएको सफलता र विफलताका कथाहरू उनले हामीलाई सुनाए। उनले भने, 'गोर्खालीहरू भारतीय भूमिमा विजय प्राप्त गर्दै अगाडि बढे। तर, जतिजति विजय प्राप्त गर्दै अगाडि बढे, उतिउति विजितमाथि अत्याचार पनि गर्दै हिँडे। गोर्खालीहरूले २३ वर्षसम्म जंगली राज गरे। जितको उन्मादमा स्थानीयमाथि असभ्य व्यवहार गरे। त्यसपछि भारतीयहरूले गोर्खालीलाई असभ्य र अंग्रेजलाई सभ्य बुझ्न थाले। गोर्खालीले भारतीयहरुमाथि गरेको अन्याय र अत्याचारका कारण पछि पुनः नेपाल-अंग्रेज युद्ध हुँदा भारतीयहरुले अंग्रेजलाई सघाए र गोर्खालीको पराजय हुँदै गयो। यदि गार्खालीहरूले विजित जनतामाथि अन्याय नगरी आफ्नै दाजुभाइ ठानेका हुँदा हुन् त आज यो भूमि नेपालकै हुन्थ्यो। त्यसबेला स्थानीय जनताको सहयोगबिना कुनै पनि पक्षले युद्ध जित्न सक्दैनथ्यो। त्यसैले नेपालकै कारण नेपालले यो भूमि गुमायो।' गोर्खालीहरूले आफूले विजय गरेको ठाउँमा क्रुरता देखाएको कुरा पुष्टि गर्न उनले हामीलाई पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेपछि कीर्तिपुरेको नाककान काटेको इतिहाससमेत सुनाए। कीर्तिपुरेको नाककान काटेको इतिहासको प्रमाण तेर्स्याएपछि हाम्रो मुखमा बुझो लाग्यो। गोर्खालीले त्यसो गरेनन् होला भनेर हामीले भन्न सकेनौँ।

उनको भनाइ सत्य हो वा होइन, तर उनले नयाँ रहस्योद्घाटन गरे। हामीले नेपालको इतिहासमा गोर्खालीको बहादुरीको मात्र कथा पढेको हो। क्रुरताको कथा कतै पढिएन। क्रुरता प्रदर्शन भएकै थिएन र लेखिएन कि नलेखेर पढिएन, त्यो कुरा दिग्गज इतिहासकार जान्लान्। तर, हामीले मात्र बहादुरीका कथा पढ्यौँ र त्यही बुझ्यौँ। पंक्तिकारले पढे/बुझेको नेपालको सुनौलो र बहादुरीपूर्ण इतिहासको कुरा गर्दा उनले भने, 'त्यो एकपक्षीय इतिहास हो। आफ्नो इतिहास संसारमा कसले नराम्रो लेख्छ र ? त्यसैले जहाँ आफ्नो इतिहास आफैँ लेखिन्छ, त्यहाँ सत्य कुरा कहिल्यै लेखिन्न।'

**आज विश्वमा भूगोलमा साना–साना देखिएका राष्ट्र पनि आफूलाई विश्व राजनीतिक मञ्चमा आफूलाई ठुला सावित गर्दै छन् र भूगोलमा ठुला देखिएका कतिपय राष्ट्र पनि लिलिपुट सावित हुँदै छन्। त्यसैले बुझ्नुपर्ने कुरा के हो भने हामीलाई हाम्रो देश ग्रेटर चाहिन्छ तर ग्रेटर नेपाल भूगोलले हुँदैन। आजकल ठुलोको अर्थ भूगोल होइन, अर्थतन्त्र हो।**

गोर्खाली हारजितको इतिहासको यति कुरा भएपछि अब ग्रेटर नेपालतिर कुरा मोडियो। नेपालका केही व्यक्तिले टिस्टादेखि काँगडासम्मको भूभाग नेपालको हो भन्ने दाबी गरेर ग्रेटर नेपाल अभियान चलाएको कुरामा पनि पाठक धेरथोर जानकार रहेछन्। हामीले ग्रेटर नेपाल अभियानको कुरा गर्दा उनी मुसुक्क हाँसे। भने, 'कुनै जमानामा जम्मा २३ वर्ष जति नेपालले जितेर शासन गरेको यो भूभाग अब नेपालको हुने हो भने त संसारको राजनीतिक चित्र नै बदलिन्छ। कुन-कुन देशले कुन-कुन भूभाग कुन कालखण्डमा जितेका छन्, सोहीअनुसार दाबी गर्ने र पाउने हो भने देशको सिमाना कताबाट कता पुग्ला ? फेरि २३ वर्ष नेपाल अधीनस्थ हुँदा यो भूमि नेपालको हुने भए बाँकी सबै अवधि भारतकै अधीनस्थ यो भूमि भारतको चाहिँ किन नहुने हो ?'

पाठक भन्दै गए, 'यो भूमि नेपालको हुनलाई यहाँका जनताले नि चाहनुपऱ्यो नि, जम्मु कास्मिरमा त्यहाँको जनसंख्याको ठुलो हिस्साले भारतबाट छुट्टिन खोज्दा त भारतले छुट्टिन दिएको छैन भने यहाँका जनता ग्रेटर नेपालको हिस्सा हुने त कल्पना पनि गर्दैनन्। यो झलमल्ल हुँदै गरेको भूमिलाई त्यो अन्धकार भूमिको हिस्सा बनाउन उत्तराखण्डको कुनै पनि भारतीय तयार छैनन्।' उनले नेपाल र भारतको तुलनात्मक विकासतर्फ इंगित गर्दै भने।

आफ्नो भूमि सबैलाई प्यारो हुन्छ। इतिहासको कुनै कालखण्डमा हामीले जितेको भूमि वर्तमानमा पनि हाम्रो भइदिएको भए हुन्थ्यो भन्ने बहस महत्त्वपूर्ण नै होला। तर, त्योभन्दा महत्त्वपूर्णचाहिँ त्यहाँका जनता नेपाली हुन चाहन्छन् कि चाहन्नन् भन्ने हो। त्यसपछि अर्को महत्त्वपूर्ण कुरा हामीसँग भएको भूमिको संरक्षण हो। हामीले हाम्रो भूमिको राम्रोसँग संरक्षण गर्न सकेका छैनौँ। भारतीय सीमामा धेरै ठाउँमा भारतले नेपालको भूमि मिच्दै छ। अब त लिम्पियाधुरामा त चीनसमेत नेपाली भूमि अतिक्रमणको साझेदार बनेको छ। यो दृश्य टुलुटुलु हेर्नबाहेक हामीले केही गर्न सकेका छैनौँ। त्यसैले आफूसँग भएको जमिन सम्हाल्न नसक्ने तर नयाँ जमिन दाबी गर्ने कुरा कि बच्चा खेल हो कि बुद्धिविलास मात्र हो। इतिहासको हवाला दिएर आधुनिक युगमा कहीँ कतै देशको सिमाना बढाउन सकिँदैन, न त यस्तो दाबीलाई कसैले उचित नै ठान्छ। हामी एकातिर 'भारतले तराईलाई टुक्र्याएर आफ्नो भूमिमा मिसाउन खोज्यो' भन्ने अर्कातिर 'सिक्किम दार्जिलिङ त नेपालको भूभाग रहेछ नि' भन्ने तर्क पनि गर्ने हो भने यस्ता तर्क आफैँमा विरोधाभासपूर्ण हुन्छन्। विरोधाभासपूर्ण कुराले हामीलाई नै कमजोर बनाउँछ। आज भावनामा बहकिएर दुई पक्षीय सम्बन्ध बिगार्नुहुँदैन। अर्थहीन बहस गरेर फाइदा केही छैन।

देशका लागि भूगोल महत्त्वपूर्ण हो, तर सम्पूर्ण कुरा भूगोल होइन। आज विश्वमा भूगोलमा सानासाना देखिएका राष्ट्र पनि आफूलाई विश्व राजनीतिक मञ्चमा आफूलाई ठुला सावित गर्दै छन् र भूगोलमा ठुला देखिएका कतिपय राष्ट्र पनि लिलिपुट सावित हुँदै छन्। त्यसैले बुझ्नुपर्ने कुरा के हो भने हामीलाई हाम्रो देश ग्रेटर चाहिन्छ तर ग्रेटर नेपाल भूगोलले हुँदैन। आजकल ठूलोको अर्थ भूगोल होइन, अर्थतन्त्र हो।

बरु अब हामी 'ग्रेटर नेपाल'को सपना छोडेर 'बेटर नेपाल' बनाउनतिर लागौँ। जे-जति हामीसँग छ, त्यसैलाई बेटर बनाऊँ। बगैँचा ठुलो भएर सुन्दर हुँदैन। उचित सजावटले सुन्दर हुन्छ। यसकारण 'बेटर' नै 'ग्रेटर' हो भन्ने कुरा मनन् गरौँ। भएको नेपाललाई बेटर बनाऊँ त्यही नै ग्रेटर नेपाल हुन्छ। ग्रेटर नेपालका लागि खेर गइरहेको शक्ति अब बेटर नेपालमा खर्च गरौँ।

### दक्षिण एसिया

## लोकतन्त्र कमजोर नहोस्

अरुणाचल प्रदेशमा गोहाटी उच्च अदालतको हस्तक्षेपपछि 'हाइ भोल्टेज' राजनीतिक नाटकमाथि त अल्पकालीन विश्राम लागेको छ, तर सीमावर्ती राज्यमा यस घटनाक्रमलाई चिन्ताको रूपमा लिइएको छ। पछिल्ला दिनमा कांग्रेसका बागी विधायकले भाजपा वा केही निर्दलको मद्दत लिएर जुन किसिमले विधानसभा अध्यक्षलाई महाअभियोग लगाएर हटाए र नयाँ मुख्यमन्त्री चुन्ने प्रयास गरे, त्यसले राजनीतिक वृत्तमा ठुलै विवाद उठाइदिएको छ। दिल्ली सरकारको सचिवालयमा सीबीआईको छापा र त्यसपछि उत्पन्न राजनीतिक बहसमा अरूणाचलको मुद्दा चर्चामा आउन पाएन। लोकसभा वा राज्यसभामा कांग्रेसको केही दिन चलेको हंगामापछि देशको ध्यान यसतिर गयो। त्यसै त पूर्वोत्तरका राज्यको खबर मिडियामा कम मात्र आउँछन्। तर, चीनको सीमामा रहेको यो खास संवेदनशील राज्य हो। यस सीमावर्ती राज्यमा राजनीतिक अस्थिरताको दूरगामी घातक परिणाम हुन सक्छ। यस मुद्दालाई लिएर कांग्रेसको दलील आफ्नै प्रकारको छ, जुन राज्यपालको भूमिकामाथि पनि प्रश्न उठाउँदै बहुमत सरकारलाई अल्पमतमा पार्ने आरोप लगाइरहेको छ।

उसले केन्द्रको भूमिकामाथि प्रश्न उठाएको छ। भाजपाले यो भनेर पल्ला झारेको छ कि कांग्रेस पहिले आफ्नो घर सम्हालोस्। यस्ता आरोप प्रत्यारोपबाट पछि हटेर राज्यको संवेदनशील भौगोलिक स्थितिलाई ध्यानमा राख्नु जरुरी छ। यो तथ्य कसैबाट छुपेको छैन कि अरूणाचलमाथि हमेसा चीनको टेढो दृष्टि रहँदै आएको छ। ऊ तमाम किसिमका हथकण्डा अपनाएर यस क्षेत्रलाई विवादित घोषित गर्ने प्रयास गरिरहेको छ। कहिले नक्साको विवाद, कहिले भिसाको विवाद उठाइरहेको छ। यस्तोमा यस राज्यमा लोकतान्त्रिक व्यवस्थामा राजनीतिक स्वार्थका लागि गरिएको व्यवधानले ढिला चाँडो राजनीतिक अस्थिरतालाई जन्माउँछ। अरुणाचलमा शान्तिपूर्वक लोकतन्त्रको कोपिला फुटेको छ र लोकतान्त्रिक संस्थाहरू फलेफुलेका छन्। यस्तो बेलामा सबै राजनीतिक दलको दायित्व बन्छ कि निहित स्वार्थबाट माथि उठेर लोकतन्त्रलाई सोच्नुपर्छ। अन्यथा अन्य पूर्वोत्तर राज्यकै तवरले अशान्तिको बिजारोपण हुन सक्छ।

गुहाटी उच्च अदालतद्वारा यथास्थिति बनाई राख्ने तथा २ फरवरीसम्म सबै फैसलामाथि रोक लगाउने आदेश दिएपछिको उद्देश्य थाहा पाउनुपर्छ कि राज्यमा लोकतान्त्रिक व्यवस्था फर्किएर आउने छ। साथै नाटकीय राजनीतिक घटनाक्रमको निकट भविष्यमा पुनरावृत्ति हुने छैन। यही अरुणाचल र लोकतन्त्रको हितमा हुने छ। सही मानेमा यो लोकतन्त्रको परीक्षा पनि हो। सबै दलको प्रयास हुनु आवश्यक छ कि राज्यमा लोकतन्त्रमाथि कुनै आँच नआओस्।

***भारतबाट प्रकाशित दैनिक ट्रिब्युनबाट***

**लेख तथा प्रतिक्तियाका लागि**
**इमेल** : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

### नेसनल हेराल्ड अनियमितता प्रकरण

# भ्रष्टाचार अभियोगमा सोनिया र राहुल अदालतमा



**एजेन्सी**
नयाँ दिल्ली, ४ पुस

भ्रष्टाचार अभियोगमा भारतको प्रमुख विपक्षी कंग्रेसका अध्यक्ष सोनिया गान्धी र उपाध्यक्ष राहुल गान्धी शनिबार अदालतमा उपस्थित भएका छन्। उनीहरू अदालत उपस्थित भएको केही मिनेटमा नै उनीहरूलाई धरौटी लिएर छोडिदिएको थियो। त्यसपछि उनीहरूमाथिको मुद्दा यही २० जनवरीसम्मका लागि स्थगित गरिएको प्राप्त समाचारमा जनाइएको छ।

अहिले बन्द भएको पत्रिका नेसनल हेराल्ड प्रकाशन गर्ने एउटा कम्पनी किन्न आमा र छोराले पार्टीको कोष दुरुपयोग गरेको आरोपलालाई गान्धी परिवारले अस्वीकार गरेका छन्। उनीहरूमाथिको मुद्दालाई सत्तासीन भारतीय जनता पार्टी (भाजपा) ले ल्याएको थियो। सो कम्पनी किन्न आमा र पुत्र गान्धीले ३० करोड डलर दुरुपयोग गर्न सो कम्पनी लिएको भाजपाका सुब्रमनिन स्वामीले बताए।

**'राजनीतिक प्रतिशोध'**

प्याटिअला हाउसको जिल्ला अदालतमा शनिबार उपस्थित हुन नपर्ने राहुलको अनुरोधलाई दिल्ली उच्च अदालतले ७ डिसेम्बरमा अस्वीकार गरेको थियो। आमा र पुत्र गान्धी अदालतमा उपस्थित हुँदा सयौं सशस्त्र प्रहरी परिचालन गरिएको थियो। गान्धीद्वयसँगै पार्टीका उच्च नेता पनि अदालतमा गएको प्राप्त समाचारमा जनाइएको छ।

आफूलाई अदालतले जमानत दिएको प्रसंगलाई सोनियाँ गान्धीले स्वागत गरेकी छिन्। सत्य कतैबाट पनि छिप्न नसक्ने पनि उनले बताएकी छिन्। आफूहरूलाई प्रधानमन्त्री नरेन्द्र मोदी र उनको पार्टीले झुट आरोप लगाएर फसाउन लागेको राहुल र उनकी आमा गान्धीले बताए। आफूहरू यस मुद्दामा पराजित नहुने पनि उनीहरूले बताए।

सन् २००८ मा नेसनल हेराल्डको प्रकाशन रोकिएको थियो। पार्टीले यसअगाडि पत्रिकालाई पुनः प्रकाशन गर्ने जनाएको थियो। सो पत्रिकाको प्रकाशनको सुरुआत तत्कालीन प्रधानमन्त्री जहवारलाल नेहरुले सन् १९३८ मा गरेका थिए। पत्रिकाको सम्पत्ति प्राप्त गर्न नेताहरूले पार्टीको कोषलाई दुरुपयोग गरेको स्वामीले आरोप लगाएका छन्।

सोही विषयलाई लिएर संसद्को हिउँदे अधिवेशनसमेत अवरुद्ध भएको छ। सत्तासीन भारतीय जनता पार्टीले आफूहरूलाई फसाउन खोजेको आरोप कंग्रेसका सांसद्हरूले लगाएका छन्। तर, भाजपाले भने सो आरोपलाई अस्वीकार गर्दै आएको छ।

'यदि कसैलाई अदालतले बोलाउँछ भने सो विषयमा संसद् कसरी तानियो ? गान्धीद्वयले न्यायपालिकालाई दबाउन चाहन्छन्। तपाईंहरूले न्यायपालिकालाई आफ्नो नियन्त्रणमा राख्न चाहनुहुन्छ,' संसदीय व्यवस्थामन्त्री भेनकाइह नाइडुले भने।

एक दशक शासन गरेको कंग्रेस गत वर्ष भएको आम निर्वाचनमा कुल ५ सय ४३ सिटमध्ये जम्मा ४४ सिट सुरक्षित गरी निर्वाचन हारेको थियो। सो निर्वाचनमा भाजपाले ऐतिहासिक विजय हाँसिल गरेको थियो।

# अमेरिकासँगको सम्बन्धमा कुनै प्रगति छैन : क्यास्ट्रो



**एजेन्सी**
हवाना, ४ पुस

क्युवा र संयुक्त राज्य अमेरिकाबिचको सम्बन्धमा कुनै प्रगति हुन नसकेको जनाइएको छ। सो धारणा क्युवाली राष्ट्रपति राउल क्यास्ट्रोले राखेका हुन्।

शुक्रबार राष्ट्रपति क्यास्ट्रोले अमेरिका र क्युवाबिचको सम्बन्धको विकास र हुनुपर्ने आवश्यक प्रगतिमा कुनै भिन्नता आएको बताए।

यी दुई देशले आपसी सम्बन्धलाई पुनःस्थापना गर्ने कार्यको सुरुआत भएको बताएका थिए। सन् २०१४ को डिसेम्बर १७ मा यी दुई देशले ऐतिहासिक घोषणा गरेका थिए।

सो दिन क्युबाको राजधानी हवानामा विशेष कार्यक्रमको आयोजना गरी दुवै देशको झन्डोत्तोलन पनि गरिएको थियो।

साथै दुई देशबिचको सम्बन्धका क्षेत्रमा विगतका तीक्तता मेटाइ अघि बढ्ने भनिएको थियो।

राष्ट्रपति क्यास्ट्रोले संयुक्त राज्य अमेरिकाले नै द्विपक्षीय सम्बन्धको सुधारका लागि आवश्यक ठानिएका र गर्नुपर्ने जे-जति काम अगाडि नबढाएको दाबी गरे।

राष्ट्रपति क्यास्ट्रोले वित्तीय एवं व्यापारिक क्षेत्रमा अमेरिकाले लगाउँदै आएको नाकाबन्दी खुलाउने बारेमा पनि अमेरिकाका तर्फबाट केही प्रक्रिया अघि बढेको मात्र थाहा पाएको तर पूरै प्रगतिको समाचार आफूले नसुनेको बताए।

यी दुई देशबिचमा गएको कम्तीमा पनि ५० वर्षसम्म तीक्ततापूर्ण सम्बन्ध रहिआएको थियो। पछिल्लो समयमा यी दुई देशबिचमा सम्बन्ध पुनःस्थापनाको प्रयास भएको बताइएको थियो।

# सुरक्षा परिषद्द्वारा सिरिया शान्ति योजना तयार

**एजेन्सी**
संयुक्त राष्ट्रसंघ, ४ पुस



विगत पाँच वर्षदेखि जारी सिरियाको द्वन्द्व समाधान गर्न राष्ट्रसंघले एक प्रस्ताव पारित गरेको छ।

राष्ट्रसंघीय सुरक्षा परिषद्ले सिरिया संकट समाधानका लागि आगामी जनवरीमा शान्ति वार्तासम्बन्धी मस्यौदालाई एक मतले पारित गरेको छ।

विश्वका शक्ति राष्ट्रहरूबिच भएको पटक-पटकका छलफल र वार्तापछि सुरक्षा परिषद्का सबै १५ सदस्यले शान्ति वार्तासम्बन्धी मस्यौदालाई पारित गरेको बताइएको छ।

सदस्य राष्ट्रका कूटनीतिज्ञलाई उद्धृत गर्दै सञ्चारमाध्यमले परिषद्को स्थायी सदस्य राष्ट्र रसियाको केही बुँदामा असहमति हुँदाहुँदै पनि सो प्रस्ताव पारित भएको जनाएका छन्।

प्रस्तावमा रसियाले धेरै असहमति राखेको भए पनि पश्चिमा कूटनितिज्ञहरूले भने प्रस्तावमा जे-जति विषय छन् ती सकारात्मक भएको बताए।

सिरियामा पाँच वर्षदेखि जारी गृहयुद्धको अन्त्यका लागि राष्ट्रसंघको पहिलो पहलस्वरूप नयाँ प्रस्ताव आएको हो।

अमेरिकी विदेशमन्त्री जोन केरीले प्रस्तावले ६ महिनाभित्रमा सिरियामा संक्रमणकालीन सरकार स्थापना गर्दै १८ महिनाभित्रमा नयाँ निर्वाचनको मार्ग प्रशस्त गर्ने उद्देश्य राखेको बताए।

उनले कुनै पनि सहमतिमा स्लामिक स्टेट र अल नुस्रा फ्रन्टलाई भने सहभागी नगराइने पनि स्पष्ट गरे।

सहमतिमा सुरुदेखि नै सिरियाका महिला र पुरुषले शान्ति स्थापनाको कार्यान्वयन गर्ने र सिरिया बाहिरबाट कसैले पनि विरोध गर्न नसक्ने दाबी गरे।

उनले नयाँ प्रस्ताव सिरियामा शान्ति स्थापना गर्ने सम्बन्धमा एक कोसेढुंगा भएको बताउँदै यसमा समय तालिका सहितको योजना रहेको बताए।

प्रस्तावमा सिरियाका राष्ट्रपति असदको भविष्यका बारेमा कुनै पनि कुरा उल्लेख गरिएको छैन।

त्यसैगरी, शान्तिवार्तामा कुन विपक्षी समूहलाई समावेश गर्ने बारेमा पनि उल्लेख गरिएका् छैन।

अहिलेसम्म यी नै दुई विषयहरूका कारण वार्ता गर्ने सम्बन्धमा सहमति हुन सकेको छैन।

**ओबामाको भनाइ**

शान्ति प्रस्ताव पारितसँगै अमेरिकी राष्ट्रपति बाराक ओबामाले राष्ट्रपति असदले सत्ता छाड्नुपर्ने बताउँदै विश्वासिलो सरकारविना शान्ति स्थापना हुने सम्भावना नहुने चेतावनी पनि दिए।

वर्षको अन्त्यमा आयोजना हुने पत्रकार सम्मेलनमा बोल्दै ओबामाले सिरियामा रक्तपात रोक्न असदले सत्ता छाड्नुपर्ने र यसका लागि सबै पक्ष सहभागी भई सिरियाको अनिश्चितताको अवस्था अन्त्य गर्नुपर्ने बताए।

सन् २०११ को मध्यदेखि सिरियमा राष्ट्रपति असदको शासनविरुद्ध हिंसात्मक प्रदर्शनमा सरकारको हस्तक्षेपपछि जारी द्वन्द्वका कारण अवस्था गम्भीर बनेको छ।

हालसम्म करिब ३ लाख नागरिकको मृत्यु भइसकेको छ भने लाखौं नागरिक आन्तरिक र छिमेकी देशमा विस्थापित भएका छन्।

हालको सिरियाको शरणार्थी संकटलाई दोस्रो विश्वयुद्धपछिको सबैभन्दा खराब अवस्था भएको राष्ट्रसंघले बताइसकेको छ।

# अफ्रिकन शान्ति सेना बुरुन्डीद्वारा अस्वीकार

**एजेन्सी**
मुजुम्बुरा, ४ पुस



बुरुन्डी सरकारले अफ्रिकन युनियनले त्यहाँ जारी हिंसा अन्त्यका लागि ५ हजार सेना खटाउन गरेको निर्णयलाई अस्वीकार गरेको छ।

युनियनको शुक्रबारको सो निर्णयको कडा रूपमा निन्दा गर्दै देशको सीमाभित्र शान्ति सेना प्रवेश गर्न नदिने बुरुन्डी सरकारले निर्णय गरेको छ।

सरकारका प्रवक्ता गेरभाइस अबाएहोलाई उद्धृत गर्दै अन्तराष्ट्रिय सञ्चारमाध्यमले बुरुन्डीलाई शान्ति स्थापना गर्ने बल आवश्यक नरहेको बताएको उल्लेख गरेका छन्।

'हामी विदेशी सेनालाई प्रवेशका लागि अनुमति दिने छैनौं र हामीलाई उनीहरूको आवश्यकता पनि छैन,' प्रवक्ता अबाएहोले भने।

आफूसँग कानुनी र लोकतान्त्रिक रूपमा निर्वाचित सरकार रहेको दाबी गर्दै अबाएहोले बुरुन्डीको सन्दर्भमा कुनै पनि निर्णय गर्नुपूर्व सरकारसँग पराशर्म गर्नु आवश्यक रहेको स्पष्ट गरे।

यसअघि त्यहाँ जारी हिंसा रोक्ने प्रयोजनका लागि अफ्रिकी युनियनले कम्तीमा पनि ५ हजार सेना पठाउने निर्णय गरेको थियो। बुरुन्डीमा जारी रहेको हिंसाको अन्त्यका लागि सो देशमा सेना पठाउन सो युनियन सहमत भएको जनाइएको थियो।

त्यसका लागि बुरुन्डीलाई समस्या समाधानका लागि चार दिनको समयसीमा दिएको थियो।

५४ सदस्यीय सो युनियनले बुरुन्डीमा पछिल्लो समयमा मानवहत्या भइरहेको भन्दै यस्तो कार्य हुन नदिने प्रतिबद्धता पनि जनाएको समाचारमा उल्लेख गरिएको छ।

सो युनियनको शान्ति तथा सुरक्षा परिषद् बुरुन्डीमा ५ हजार भन्दा बढी नै सेना पठाउन लागेका र शान्ति स्थापना गर्नु सो सुरक्षा फौजको मुख्य कार्य हुने जनाएको थियो।

युनियनका प्रवक्ताले सो बारेमा शुक्रबार जानकारी दिएको भए पनि ती सेना के -कतिजनाको संख्यामा हुने छन् भन्नेबारेमा स्पष्ट पारिएको छैन।

# सिरियाको आकाशमा टर्की र रसियाको तनाव

**सिरिया/एजेन्सी-** सिरियामा आईएसको उपस्थिति बढ्दै गएको निहुँमा पछिल्लो समयमा सिरियाली आकाशबाट गर्ने गरिएको हवाई कारबाहीले सिरियामा मात्र सीमित नभएर अरू विदेशी मुलुकबिचको सम्बन्धमा समेत तीक्तता ल्याइदिएको छ। सिरियामा जारी युद्ध पाँचौं वर्षमा प्रवेश गरिरहँदा यसले विश्वकै टाउको दुखाइरहेको बेला यो अर्को विवाद विश्वसामु थपिएको छ। त्यो विवाद हो, रसिया र टर्कीबिचको। टर्कीले रसियाली हवाई सेनाको सु-२४ नामक युद्धक विमानलाई गएको नोभेम्बरमा खसालिदिएपछि सिरियामा जारी हवाई आक्रमणको अवस्था विकराल बन्दै गएको मात्र नभई यी दुई देशबिचको सम्बन्धमा थप दरार उत्पन्न गरिदिएको छ।

यस विषयलाई लिएर विश्वको विभिन्न भूगोलका कतिपय कुनाका नागरिकमा तेस्रो विश्वयुद्धको त्रास पनि उब्जिएको देखिन्छ। तर त्यसको सम्भावनालाई अहिलेका विश्व राजनीतिका सरोकारवाला भने सिधै नकार्छन्। हुन पनि यति मात्र घटनाले विश्वयुद्ध निम्त्याउन त गाह्रै पर्छ तर पनि एक सार्वभौम राष्ट्रको विमानलाई अर्को कुनै देशले विनाकुनै सूचना खसालिदिन्छ भने यसलाई सहज अन्तर्राष्ट्रिय राजनीतिको कोटिमा राख्न पनि सकिँदैन। टर्कीले रसियामाथि गरेको यो आक्रमण पछाडि ठूलो आश्चर्य नै मान्नुपर्ने अवस्था भने छैन। किनकि रसियाद्वारा युरोपका विभिन्न मुलुकमा सुरक्षा दिने नाममा गतिविधि सञ्चालन गरिरहेको र यस्ता गतिविधि टर्कीविरुद्ध पनि चलाइँदै आएको बेलाबेलामा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा सुनिँदै आएका कुरा हुन्।

टर्कीका अधिकारीहरूले रसियाली युद्धक विमान नोभेम्बर १३ मा पनि टर्कीका अधिकारीले अन्तर्राष्ट्रिय सीमा कानुनको उल्लंघन गर्दै रसियाली विमान आफ्नो देशको हतेई वरपर आकाशमा उडेपछि लगातार ५ मिनेटसम्म चेतावनी दिँदासमेत त्यहाँबाट अन्यत्र नगएपछि बाध्य भई गरेको र सो आक्रमणको विकल्प नभएको दाबी गरे। यद्यपि यस घटना सम्बन्धमा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगानल केही दिन पहिले फ्रान्सको एक टेलिभिलनलाई दिएको अन्तरवार्तामा घटनालाई दुखद भनेका थिए। 'घटना नहुनुपर्ने थियो तर घटनापछि पनि दुई छिमेकी राष्ट्रबिच आपसी समझदारीका साथ अघि बढ्नुपर्ने' राष्ट्रपति एर्डोगानको तर्क थियो।

यसै सन्दर्भलाई लिएर आफू रसियाली राष्ट्रपति भ्लादिमिर पुटिनसँग पेरिसमा भइरहेको संयुक्त राष्ट्रसंघको पहलमा आयोजना गरिएको जलवायु सम्मेलनको समय भेट्ने इच्छासमेत व्यक्त गरेका थिए। तर, यसमा रसियाले खासै चासो व्यक्त गरेन। तत्काल वार्ताको सम्भावना पनि टऱ्यो। त्यसपछि दुई देशका नेताहरूबिच अर्को कुनै पनि प्रसँग वा निहुँमा भेट हुनपाएको छैन।

रसियाली राष्ट्रपति पुटिनले टर्कीले आफ्नो विमानमा आक्रमण गर्नु गलत भएको भन्दै माफी माग्नुपर्ने अडान राखेपछि पुटिन र एर्डोगानबिच वार्ता हुन सकिरहेको छैन। रसियाले आफ्नो विमान टर्कीले बताएअनुसार उसको इलाकामा प्रवेश नगरेको दाबी गर्दै आएको छ। अंकराले रसियाली विमानमा गैरकानुनी रूपमा आक्रमण गरेको मस्कोको दाबी छ।

सिरियामा व्याप्त द्वन्द्व अन्त्य गर्ने प्रयासमा नै अमेरिकी विदेशमन्त्री जोन केरीले हालै रसियाको भ्रमण गरे। त्यहाँ विदेशमन्त्रीस्तरको वार्ता भयो। अर्को वार्ता न्युयोर्कमा बोलाई समग्र विश्वले चिन्ता व्यक्त गर्दै आएको सिरिया समस्याबारे थप वार्ता गर्न अमेरिकाद्वारा गरिएको प्रस्तावमा रसिया तत्कालै एर्डोगानलाई सत्ताच्युत गरी नयाँ विकल्पमा जानु सही नहुने बताउँदै अमेरिकी प्रस्तावमाथि मस्कोको सकारात्मक नहुँदा वार्ता तत्कालका लागि टरेको छ।

घटना सम्बन्धमा टर्कीले आफ्नो सिमा क्षेत्रमा रसियाले विमान उडाउँदै आएकाले विमानमाथि आक्रमण गरेको भन्दै माफी नमाग्ने जनाउँदै आएको छ। यसै विषयलाई लिएर संयुक्त राष्ट्रसंघका महासचिव बान कि मुनले रसिया र टर्कीबिच देखिएको तनाव समाधान गर्न विश्व समुदायलाई अपिल गरिसकेका छन्। बानले सम्बद्ध सबैलाई रसियाली विमान दुर्घटना र यसबाट आउन सक्ने परिणामप्रति संवेदनशील बनी समस्यालाई यथासम्भव छिट्टै समाधान गर्न अनुरोध गरेका थिए। टर्कीले सिरियामा आफ्ना सेनाले अमेरिकाद्वारा आपूर्ति गरिएका एफ्-१६ प्रयोग गर्दै सिरियाली राष्ट्रपति बसर अल असदविरुद्धको आक्रमणलाई तेज पारिरहेको अवस्थामा रसियाले भने सिरियाली राष्ट्रपति असदलाई सघाउँदै आएको अवस्था छ। यस्तै आक्रमणमा टर्कीले सन् २०१३ मा सिरियाली हवाई सेनाको एमआई-१७ र एमआईजी-२३ लाई टर्कीको हवाई इलाकामा प्रवेश गरेको बताउँदै टर्कीमा खसालेको थियो।

टर्कीले सन् २०१४ मा पनि सिरियाली एमआईजी-२३ लाई टर्कीमा खसालेको थियो। यस्तै गएको अक्टोबरमा पनि एक चालकविहीन युद्धकविमानलाई आक्रमण गरेको थियो। पछि यसको बदलास्वरूप सिरियाले पनि टर्कीको युद्धक विमानलाई सिरियाली हवाई क्षेत्रमा प्रवेश गरेको अरोपमा खसालिएको थियो।

यसरी हेर्दा सिरियाली तथा टर्कीको हवाई इलाका ठूलो तनावको विषय बन्दै आएको छ। अर्को शब्दमा सो क्षेत्रमा हवाई शक्तिलाई चेतावनीका बाबजुद दुवैले प्रयोग गर्दै आएको पाइन्छ। तर, नेटो तथा टर्कीले यस्ता सीमा क्षेत्र उल्लंघनका घटनालाई कडाइका साथ रोक्नुपर्ने जनाउँदै आएका छन्। दोहोऱ्याएर भएका यस्ता घटनाले सीमालाई थप तनावग्रस्त बनाउने उनीहरूको बुझाइ छ।


Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
**Western Regional Irrigation Directorate**
**Irrigation Development Sub-Division**
**Myagdi**

## Notice for Procurement of Works

First Date of Publication: 2072-09-05 (20- Dec-2015)

1. **Irrigation Development Sub-Division Myagdi**, Department of Irrigation on behalf of GON, now invites sealed bids from eligible all Nepalese bidders for the works as listed below under NCB procedures.
2. A complete set of Bid Documents to be purchased from the following offices by interested bidders on the submission of a written request of cash payment of a non-refundable fee as mentioned below until B.S 2072-10-04.
   (a) Irrigation Development Sub- Division Myagdi Ph. No.-069-521225) OR (b) Treasury Controller's Office Myagdi (Ph. No.-069-520140)
3. The completed documents must be submitted to **Irrigation Development Sub- Division, Myagdi** on or before 12:00 hours (Noon) on dated B.S 2072-10-05. if the day of purchase/submission fall on a GON official holiday, the next working day shall be considered as the last date of purchase/submission. Documents received after this deadline will not be accepted.
4. The bidder shall seal the original and each copy of the Bid in separate envelopes, duly marking the envelopes as "ORIGINAL" and "COPY". These separate envelopes shall then be sealed in an outer envelope and shall be addressed to the IDSD, Myagdi, with Contract ID.
5. The bid document will be opened in presence of the bidders or their authorized representatives who choose to attend at the above-mentioned address at 13:00 hours on the last day of submission i.e. on (2072-10-05) .
6. Bids must be accompanied with a bid security as mentioned below in the form of a Bank Voucher certifying deposit of the required amount in **"Dharauti Khata No: 063020003400" of District Treasury Controller Office, Myagdi in Nepal Bank, Myagdi or Bid Bond (Unconditional Bank Guarantee) issued by " A" class commercial Bank drawn in favour of Irrigation Development Sub- Division, Myagdi,** having a validity period 120 days from the last date of submission of the bid document.
7. Pre-Bid meeting will take place on B.S. 2072-09-24 at 12:00 Noon at IDSD, Myagdi.
8. The Employer reserves the right to accept or reject bids without assigning any reason whatsoever.
9. Estimated completion period of the work is **15 months.**

**Detail of Work**

| S. N | Contract ID. no. | Name of the works & Place | Bid Document Fee. ( NRs.) | Bid security ( NRs.) | Estimated amount with VAT ( NRs.) |
|---|---|---|---|---|---|
| 1. | IDSD/Myagdi/MIP - 01/072-73 | Construction of Canal and Canal Structures in Andheri Khola Sindhali IP, Jyamrukkot , Myagdi | NRs. 1000.00 | NRs.1,11,000.00 | 42,14,100.00 |

**Sub- Division Chief**
**IDSD, Myagdi**

सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.४७,७००/- |
| तेजावी प्रतितोला | - रू.४७,३५०- |
| चाँदी प्रतितोला | - रू.६७०/- |

# अर्थ



चीनको राजधानी बेइजिङमा आयोजित बुद्धसम्बन्धी सामग्री तथा निर्यात वस्तु प्रदर्शनीमा ढुंगाबाट तयार गरिएका परिकार देखाउँदै एक महिला । **तस्बिर : सिन्ह्वा/रासस**

## चीनले अनुदानमा दिएको खाद्यान्न आइपुग्यो

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

चीनको स्वशासित क्षेत्र तिब्बतले अनुदानमा दिएको पहिलो लटको खाद्यान्न नेपाल आइपुगेको छ ।

भारतले तिन महिनादेखि गरेको अघोषित नाकान्दीसँगै आपूर्ति असहज भइरहेका बेला राहतस्वरूप चीनले खाद्यान्न पठाएको हो । नेपाल खाद्य संस्थानले चीनले अनुदानमा दिएको खाद्यान्न, नुन, तेल रसुवाको केरुङमा गएर ल्याएको हो । संस्थानका अनुसार पहिलो चरणमा ३० मेट्रिक टन चामल, १० मेट्रिक टन तेल र १० मेट्रिक टन नुन आएको छ ।

३ हजार संख्यामा इन्डक्सन चुलो भित्रिएको छ । चीन सरकारले १० लाख यूएनबराबरको सहयोगमध्ये पहिलो चरणमा खाद्यान्नसँगै इन्डक्सन चुलो भित्रिएको छ ।

संस्थानका प्रवक्ता श्रीमणिराज खनालले सञ्चालक समितिले मूल्य निर्धारण गरेर सहुलियत दरमा खाद्यान्न वितरण गरिने बताए । सो खाद्यान्न वितरण गरेको रकम नेपाल सरकारले विपत्मा खर्च गर्न सक्ने गरी छुट्टै खातामा जम्मा गरिनेछ । अनुदानमा दिएको खाद्यान्न ढुवानीको रकम नेपाल सरकारसँग माग गरिनेछ । चीनले अनुदानमा दिएको इन्डक्सन चुलो नेसनल ट्रेडिङ लिमिटेडले कालोबजारीमा बेच्ने गरेको पाइएको छ ।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले अनुदानमा दिएको चुलो कालोबजारीमा बेच्ने गरेको बताए । ४ हजार रुपैयाँ पर्ने इन्डक्सन चुलो नेशनल ट्रेडिङले ५ हजार ५ सय ५५ रुपैयाँमा बेचिरहेको छ, उनले भने, 'सरकारले नै कालोबजारीमा सामान बेच्दा व्यापारीलाई थप प्रश्रय मिलेको छ।' भूकम्पपीडितका नाममा आएको खाद्यान्न बिक्री नगर्नुले सरकार आफैँलै भूकम्पपीडितलाई अन्याय गरिरहेको उनको भनाइ छ ।

यसैबीच, सिन्धुपाल्चोक जुरे पहिरोपीडितका लागि गत वर्ष चीनले अनुदानमा दिएको १ हजार क्विन्टल चामल वितरण नगरी संस्थानले बेच्ने तयारी गरेको छ । सरकारले बेच्ने अनुमति दिइसकेकाले बेच्न लागिएको संस्थानले जानकारी दिएको छ ।

## जाइका प्रमुख नेपाल भ्रमणमा

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस



जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का प्रमुख डा. सिनिची किताओकाले ५ पुसदेखि ७ पुससम्मका लागि नेपाल भ्रमण गर्ने भएका छन् । उनको भ्रमणको मुख्य उद्देश्य भूकप्प प्रभावित क्षेत्रको अवलोकन तथा पुनर्निर्माणका कार्यको प्रगति विवरण बुझ्नाका साथै नेपालको समग्र सहयोग योजनाबारे सल्लाह गर्ने रहेको जाइकाले जानकारी दिएको छ ।

उनले भ्रमणका क्रममा नेपाल सरकारका उच्चपदस्थ अधिकारीसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । प्रधानमन्त्री केपी ओली, अर्थमन्त्री विष्णु पौडेल, भौतिक योजना तथा यातायातमन्त्री विजयकुमार गच्छदार र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष युवराज खतिवडालाई भेट्ने कार्यक्रम छ ।

## न्यायिक छानबिन गर्न आनको माग

**काठमाडौं/रास–** नेपाल विज्ञापन संघले आफ्ना सदस्य तथा एजेन्सी मल्टिनेसनल एडभटरटाइजर्सका सञ्चालक सुजन श्रेष्ठको मृत्यु अस्पतालको लाहपरबाहीले भएको भन्दै अस्पतालमाथि कारबाहीको माग गरेको छ । श्रेष्ठ खुट्टाको साधारण शल्यक्रियाका लागि आफैं मोटरसाइकल चढेर बानेश्वरस्थित एभरेस्ट अस्पताल नयाँ बानेश्वर पुगेकामा उपचारका क्रममा मृत्यु भएको थियो । उनको मृत्यु चिकित्सकको लाहपरबाहीले भएको भन्दै त्यसको न्यायिक छानबिन गरी कारबाही गर्न संघले माग गरेको छ ।

## ओमको लाभांश पारित

**काठमाडौं/रास–** ओम फाइनान्सको साधारण सभाले सेयरधनीलाई २८ दशमलव ४८५५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। साधारण सभाले २७ दशमलव शून्य ६५५ प्रतिशत बोनस सेयर र सोमा लाग्ने करका लागि १ दशमलव ४२ प्रतिशत नगद लाभांश पारित गरेको हो । साधारण सभाले संस्थापकबाट प्रतिनिधित्व गर्ने सुशीलकुमार गोसली, योगेन्द्रलाल प्रधान र जितप्रसादलाई सञ्चालक समितिमा चयन गरेको छ। साधारण सभापछि बसेको सञ्चालक समितिको बैठकले सुशीलकुमार गोसलीलाई सर्वसम्मतिले अध्यक्षमा पुनः चयन गरेको छ ।

साधारण सभाले ओम फाइनान्स लिमिटेड र सिटी डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभिनका लागि स्वीकृति दिएको छ। कम्पनीले गत आवको असार मसान्तसम्म ४ अर्ब ५० करोड निक्षेप संकलन, ३ अर्ब ९३ करोड कर्जा लगानी गर २० करोड १७ लाख सञ्चालन नाफा आर्जन गरेको थियो ।

## भूकम्प र नाकाबन्दीले १७ खर्ब नोक्सान

**राजधानी संवाददाता**
पोखरा, ४ पुस

भूकम्प र नाकाबन्दीले व्यवसाय चौपट बनेकामा व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । १२ वैशाखको भूकम्प र लगातारको मधेस आन्दोलनसँगै नाकाबन्दीले १७ खर्ब रुपैयाँ नोक्सान पुगेको व्यवसायी बताउँछन् ।

पोखरा उद्योग वाणिज्य संघ अध्यक्ष बिन्दुकुमार थापाले भूकम्पले ७ खर्ब र नाकाबन्दीले १० खर्बबराबरको नोक्सान पुऱ्याएको बताए । उनले सो नोक्सान परिपूर्ति गर्न धेरै समय लाग्ने बताए । यस्ता समस्याले नेपालीको जनजीवन संकटमा परेको बताए । उनले भने, 'भूकम्प र नाकाबन्दी राष्ट्रिय समस्या भएकाले धैर्य गर्दै समस्या समाधानका सबै लाग्नुपर्छ ।'

कपडा व्यवसायी एसोसिएसन पोखराको शनिबार आयोजित १६औं वार्षिक साधारण सभा उद्घाटन गर्दै उनले घरभाडा, गैरकानुनी व्यवसाय तथा उद्योगीको समस्या समाधान गर्न पोखरा उद्योग वाणिज्य संघ प्रतिबद्ध रहेको पनि बताए । उनले संघको अभियानमा सबै वस्तुगत संघ तथा व्यवसायीहरू लाग्नुपर्नेमा जोड दिए ।

हार्डवेयर एसोसिएसन पोखराका अध्यक्ष प्रेमप्रसाद पौडेलले पेसा, व्यवसाय व्यवस्थित ढंगले सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनले समस्या छ भनेर मात्र नभई समस्या कहाँबाट आयो भनेर खोज्नुपर्नेमा जोड दिए ।

बुद्ध विशालबजार व्यापारिक एसोसिएसनका अध्यक्ष बलराम गौतमले गैरकानुनी व्यवसायलाई प्रोत्साहन दिने सबै व्यवसायी नै रहेको स्पष्ट पारे । 'गैरकानुनी व्यवसायको विकास हुनुमा हामी व्यवसायी नै जिम्मेवार छौं।' उनले भने, 'गैरकानुनी व्यवसाय गर्नेलाई निरुत्साहित पार्ने हो भने होलसेल व्यवसायीले सामान दिन रोक लगाउनुपर्छ ।'

कपडा व्यवसायी एसोसिएसनका अध्यक्ष यामनाथ तिमिल्सिनाले गैहकानुनी व्यवसायीलाई निरुत्साहित पार्न आफू र आफ्नो संस्थाले पटक-पटक पहल गरेको भए पनि जिम्मेवार निकाय गैरजिम्मेवार भएको आरोप लगाए। कपडा व्यवसायीको मागमा पोखरा उद्योग वाणिज्य संघले नै ध्यान नदिँदा आफूहरूको चित्त दुखेको गुनासो गरे ।

## पिको हाइड्रोले गाउँ नै झिलिमिली

**ध्रुव अधिकारी/राजधानी**
हेटौंडा, ४ पुस

**सरकारले विद्युत् विस्तार गर्न नसकेको विकट गाविसमा पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजनाबाट बिजुली उत्पादन गर्दै जनतालाई उज्यालोमा राखेको हो ।**

मकवानपुरका विकट गाविसमा अस्थायी रूपमा निकालिएको पिको हाइड्रोबाट विद्युत् उत्पादन गरी झलमल्ल बनेका छन् । जिल्लाका विभिन्न गाविसमा खेर गएको पानीलाई उपयोग गरी निर्माण भएका पिको हाइड्रो तथा घट्ट विद्युतीकरण आयोजनाले हजारभन्दा बढी जनता लाभान्वित भएका हुन् ।

उनीहरूलाई अँध्यारोमा बस्नुपर्ने बाध्यता छैन । तर, तिनै गाविसका हजारौं जनता अँध्यारोमै बस्छन् र उनीहरूको मट्टीतेलको सहारामा बल्ने टुकी बत्ती एउटा विकल्प बन्ने गर्छ । सरकारले विद्युत् विस्तार गर्न नसकेको विकट गाविसमा पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजनाबाट बिजुली उत्पादन गर्दै जनतालाई उज्यालोमा राखेको हो । निर्माण कम्पनी नेपाल पावर सोलुसन प्राली हेटौंडाले २०६६ सालमा काँकडाबाट बिजुली बालेर गाउँ झिलिमिली पर्ने अभियान सुरु गरेको थियो । मकवानपुरको राक्सिराङ, काँकडा, बेतिनी, धियाँल, डाडाँखर्क, कालिकाटार र मन्थलीमा अहिले 'पेट्रिक सेट' जडान गरेर पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजनाबाट बिजुली उत्पादन भइरहेको छ । जसबाट हजार बढी जनता लाभान्वित छन् ।

ती गाविसका विभिन्न वडामा पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजना निर्माणकै क्रममा पनि छन् । तर, निर्माण भइसकेर पनि विद्युत् बालिसकेका स्थानीय भने उज्यालोमा बस्न पाएपछि हर्षित छन् । उनीहरू विद्युत्को सहयोगमा सञ्चारसँग पनि जोडिएका छन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा गरिबी निवारण कोषको अनुदानबाट हाल सातओटा गाविसमा निर्माण कम्पनी नेपाल पावर सोलुसन प्राली हेटौंडाले पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजना बनाएको थियो। सोलुसनले बनाएको राक्सिराङ-८ निगुरेटारमा बनाएको पिको हाइड्रोबाट ७४ घरले बिजुली बालेका छन् ।

पिको हाइड्रोबाटै काँकडा-९ कुलुङवाङमा ३२ घर र ४ नम्बर वडाका ६४ घर तथा घट्ट विद्युतीकरणबाट ८ नं. वडा खर्लेङमा ४८ घर एवं १ नं. वडा सिदाम खोलाबाट २२ घर उज्यालो बनेको छ । बेतिनी-१ तिनटार (बागमती खोला) मा घट्ट विद्युतीकरणबाट उत्पादन भएको विद्युत् २० घरले उपयोग गर्छन् । धियाँल-१ राकस खोलामा बनेको पिको हाइड्रोबाट उत्पादित विद्युत्बाट ६५ घर लाभान्वित भएका छन् । त्यस्तै, डाँडाखर्क-१ बैकुण्ठमा बनेको पिको हाइड्रोले ८४ घर अँध्यारोबाट उन्मुक्ति पाएका छन्। कालिकाटार-१ झाँतेमा घट्ट विद्युतीकरणबाट उत्पादित ४ किलोवाट विद्युत् तथा सोही वडाकै महभीरमा बनेको ५ किलोवाट क्षमताको पिको हाइड्रोले ६४ ओटा घर झिलीमिली बनेको हुन् ।

यसैगरी, मन्थली-२ मन्थलीस्थित सर्दि खोलामा बनेको २ किलोवाट क्षमताको पिको हाइड्रोले ४० घरलाई उज्यालो प्रदान गरेको पावर सोलुसनका प्रबन्धक कृष्ण घिमिरेले जानकारी दिएका छन् । घिमिरेका अनुसार अहिले राक्सिराङ र डाडाँखर्कमा विद्युत् उत्पादनका लागि पिको हाइड्रो निर्माणाधीन रहेको छ। राक्सिराङको ३, २ र ७ नं. वडामा र डाडाँखर्कको ३ र ४ नं. वडामा विद्युत् उत्पादन गर्न लागिएको घिमिरेले जानकारी दिएका छन् ।

वैकल्पिक ऊर्जा र गरिबी कोषले पिको हाइड्रोका लागि प्रतिकिलोवाट ९७ हजार र घट्ट विद्युतीकरणलाई प्रतिकिलोवाट १ लाख ३५ हजार रुपैयाँ अनुदानस्वरूप सहयोग गर्दै आइरहेको थियो । पावर सोलुसनले अनुदान, जिल्ला विकास समिति, गाउँ विकास समिति कार्यालय र स्थानीय स्रोतबाट सात गाविसमा पिको हाइड्रो र घट्ट विद्युतीकरण आयोजना बनाएर विद्युत् उत्पादन गरेको हो । सोलुसनका प्रबन्धक घिमिरेले जनताले जति सक्रियता देखायो त्यति नै चाँडो पिको हाइड्रो र विद्युतीय घट्ट बनाउन सकिने बताए ।

## ५१ व्यवसायी फर्मविरुद्ध मुद्दा दायर

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले विभिन्न ५१ उद्योग व्यवसायी फर्मविरुद्ध मुद्दा दायर गरेको छ। विभागको अनुसन्धानले उपभोक्ताको स्वास्थ्यमाथि प्रतिकूल असर पार्ने गुणस्तरहीन उत्पादन गरेको फेला परेपछि कारबाहीका लागि विभागले मुद्दा दायर गरेको हो । विभागले गरेको पहिलो चौमासिकमा गरेको नमुना परीक्षणबाट न्यून गुणस्तर एवं दूषित उत्पादन गर्ने ५१ व्यवसायी फर्मविरुद्ध मुद्दा दायर गरेको छ। विभागका प्रवक्ता पूर्णचन्द्र वस्तीले दूषित खाद्यान्न उत्पादन गर्ने व्यवसायी फर्मविरुद्ध कारबाहीका लागि मुद्दा दायर गरिएको जानकारी दिए ।

प्रशोधित खानेपानी, खाद्यान्न, हल्का पेयपदार्थ र मिठाइसँगै अन्य खाद्यपदार्थका उद्योगविरुद्ध खाद्य ऐनअनुरूप कारबाहीका लागि मुद्धा दायर गरिएको उनले जानकारी दिए। विभागले सातओटा प्रशोधित पानी, खाद्यान्न, ७ वटा हल्का पेय पदार्थ, ६ ओटा मिठाइ र पाँचओटा अन्य खाद्यान्नविरुद्ध मुद्दा दायर गरेको छ ।

विभागले प्रथम चौमासिकमा ५ सय ४३ ओटा नमुना संकलन गरेको थियो । विभागले क्षेत्रीय प्रयोगशाला तथा खाद्य क्वारेण्टाइन प्रयोगशालाबाट ३ हजार ७ सय ८८ खाद्य नमुना विश्लेषण गरिएको छ। विभागले खाद्य प्रविधि विकासका लाग विभिन्न स्तरमा सातओटा ट्रायल परीक्षण तथा अध्ययन गरेको छ। विभागले लट्टे दानालाई उमारेर फाइटेटको न्युनीकरणबारे अध्ययन, आरुबखडाको गुदी संरक्षण, गहुँको पिठोमा फापरको पिठो मिसाई रोटी बनाइएको, अदुवाको पेस्ट, सुन्तलाको बोक्राको इसेन्सियल तेल, कन्ये च्याउको परिकार र सुत्केरीलाई खुवाउने सुप तयार गरेको छ ।

## लोकप्रिय बन्दै किसान पाठशाला

**राजधानी संवाददाता**
जाजरकोट, ४ पुस



जिल्ला कृषि विकास कार्यालयले जाजरकोटका विभिन्न गाँउमा सञ्चालन गरेको किसान पाठशाला लोकप्रिय र प्रभावकारी बन्दै गएको छ। किसानलाई उन्नत तरिकाले व्यावसायिक तरकारीखेती र अन्नबाली लगाउने तरिका तथा प्रविधि सिकाई उनीहरूको जीवनस्तर उकास्ने उद्देश्यले कार्यालयले किसान पाठशाला सञ्चालन गरेको हो ।

किसान पाठशालामा सहभागी हुने किसानलाई मौसम, शत्रु किरा र मित्र किरा, चिस्यानको अवस्था, बोटको उचाइ, रोगको अवस्था आदि लेखिएको फाराम भर्न लगाई सोही आधारमा उचित परामर्श दिने गरिएको भेरीमालिका नगरपालिका-१ पिपेकी धनसरा पुनले बताइन् ।

प्रत्येक साता कृषिबाट जेटिए सर आउनुहुन्छ, हामीहरूलाई तरकारीखेती र अन्य खेती, बाली लगाउन आवश्यक सल्लाह दिने गर्नुहुन्छ, उनले भनिन् । किसान पाठशाला सुरु भएदेखि हामीलाई धेरै कुरामा सजिलो भएको छ । उनी मात्र होइन किसान पाठशाला सञ्चालन गरिएका सबै ठाउँका किसान निकै उत्साहित र खुसी भएको भेरीमालिका-१ पिपेका स्थानीय किसान नरबहादुर बस्नेतले बताए ।

एकीकृत जलस्रोत व्यवस्थापन आयोजनाको सहयोगमा सञ्चालित यो कार्यक्रम परीक्षणको रूपमा जिल्लाका पिपे, जगतिपुर र भुरमा लागू भएको छ । यो कार्यक्रमबाट किसानलाई प्राविधिक ज्ञान दिनाका साथै मल, बिउ र विषादी सहयोग हुने कृषि प्राविधिक लालबहादुर खड्काले बताए ।

यस पटक पिपेमा गहुँका विभिन्न जात परीक्षणका रूपमा लगाइएको छ। एउटै प्लटमा विभिन्न जातका गहुँ लगाइएको छ त्यसमध्ये कुन जातको बढी उत्पादन हुन्छ त्यही लगाउन सिफारिस गर्ने वरिष्ठ कृषि विकास अधिकृत चित्रबहादुर रोकायले बताए। किसान पाठशालाले किसानलाई खेतीबाली लगाउन थप ऊर्जा थप्ने विश्वास कार्यालय प्रमुखसमेत रहेका वरिष्ठ कृषि विकास अधिकृत रोकायको भनाइ छ ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Road**
Mid-Western Regional Road Directorate
**Division Road Office**
Surkhet ,Birendranagar

**Invitation for Bids No: 08-072/73**
(Date of publication: 2072/09/05)

1. Division Road Office, Birendranagar, Surkhet invites sealed bids from eligible bidders for the construction of following works:

| Contract Number | Description and location of work | Price of Bid Document (NRs.) | Estimated Amount (Without VAT and Contingencies (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| DROSKT/3371484/072/73-87 | Slab Culvert work in Chhatrekhola-Okhaldhunga Road, Surkhet | 1000.00 | 1,890,999.96 | 65000.00 |
| DROSKT/3371653/072/73-88 | Recurrent Maintenance work Chhinchu - Jajarkot Road, Surkhet | 1000.00 | 2,210,898.79 | 75500.00 |
| DROSKT/3371653/072/73-89 | Recurrent Maintenance work in Surkhet-Jumla Road | 3000.00 | ............... | 288000.00 |
| DROSKT/3373354/072/73-90 | Roadway improvement and gabion strructure work in Bakharka-Kafalkot-Badhsala-Jitjuwa Road, surkhet | 1000.00 | 2,953,064.00 | 100000.00 |
| DROSKT/3373354/072/73-91 | Roadway excavation and gabion strructure work in Bangesimal-chanabari Road, surkhet | 1000.00 | 3,420,236.95 | 117000.00 |
| DROSKT/3373354/072/73-92 | Roadway improvement and gabion strructure work in Surkhet neta-majuwa-Chyarkule-Gogane-Lapan-Chingad Road, surkhet | 1000.00 | 3,389,223.25 | 116000.00 |
| DROSKT/3373354/072/73-93 | Road Construction Works. in Kalyankadh Bhakttadi Dobata Junglaghat Road surkhet | 1000.00 | 3,389,175.88 | 116000.00 |
| DROSKT/3373354/072/73-94 | Road Improvement Works. in Gutu-Salmdhara-Jungalaghat Road surkhet | 1000.00 | 4,237,093.64 | 116000.00 |
| DROSKT/3373354/072/73-95 | Road Construction Works. in Tatopani Babiyachaur Bhakttadi Jangalaghat Road surkhet | 1000.00 | 3,389,175.88 | 145000.00 |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bidding Document | Upto 2072/10/04 | 16:00 hrs |
| Submission of Bid | Upto 2072/10/05 | 12:00hrs |
| Opening of Bid | 2072/10/05 | 14:hrs |

3. Name of the Office and the Contract No. Should be clearly mentioned in Bank Deposit Voucher for the purchased Bidding Document and in the **Bid Bond Guarantee, otherwise the Bid will be treated Non Responsive.**

Please refer to the complete set of bidding documents at the Division Road Office Surkhet, Birendranagar or through website **www.dor.gov.np** for detail information.

**Division Chief**

## छोटकरी

### न्यु डायमन्ड विजयी

**काठमाडौं/रास-** ढोरपाटन राष्ट्रिय महिला डबल लिग भलिबल प्रतियोगिताअन्तर्गत शनिबार भएको खेलमा न्यु डायमन्ड, पश्चिमाञ्चल र आर्मी विजयी भएका छन्।

नयाँ बसपार्कमा भएको प्रतियोगितामा न्यु डायमन्डले नेपाल पुलिसमाथि २५-१८,१८-२५,२६-२४, २५-११ र १५-७ को कठिन जित निकाल्यो। दोस्रो खेलमा पश्चिमाञ्चलले बुटवलको एभरेस्ट स्कुललाई २५-१४,२५-१२ र २५-१० को सोझो सेटमा पराजित गऱ्यो। त्यस्तै, आर्मीले धादिङ कलाकारलाई २५-९, २५-१४ र २५-११ को सेटमा हरायो।

### इनोभेटिभको जित

**काठमाडौं/रास-** इनोभेटिभ र एचएचसीएले १०औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा दोहोरो जित निकालेका छन्। शनिबार भएको गर्ल्सतर्फको खेलमा इनोभेटिभले भद्रकालीलाई ३४-२० हरायो। ब्वाइजतर्फ न्यु समिटलाई ३५-२० ले रोक्यो। त्यस्तै, एचएचसीएले ब्वाइजको पहिलो खेलमा इनोभेटिभलाई ४१-३० ले हराउँदा गर्ल्सतर्फ भ्यालिपब्लिक बीलाई ३३-२२ ले रोक्यो।

टीआएले पनि गर्ल्सतर्फ इडनब्रिजलाई १२-८ ले हराउँदा ब्वाइजतर्फ ह्वाइटहेवनलाई ४४-२८ ले स्तब्ध पाऱ्यो। ब्वाइजतर्फ भद्रकालीले गोल्डेनपिकलाई ३०-२० ले हराउँदा वल्सनले बीएनएलाई २९-२७ मा रोक्यो।

### टोकियो ओलम्पिकको बजेट ६ गुणा बढ्ने

**टोकियो/एजेन्सी-** सन् २०२० मा हुने टोकियो ओलम्पिकको बजेट अनुमान गरिएको भन्दा ६ गुण बढी हुने भएको छ। जापनिज पब्लिक ब्रोडकास्ट एनएचकको रिपोर्टले सो तथ्य सार्वजनिक गरेको हो। यसरी ६ गुणा बजेट वृद्धि हुनेको मुख्य कारण पूर्वाधार निमार्णको सामग्रीको मूल्य वृद्धि हुनु र राजमार्गको लेनमा रहेका भवनहरूलाई अत्यधिक बढी मुआब्जा तिर्नु रहेको छ।

टोकियो ओलम्पिकको खर्च १ दशमल ८ ट्रिलियन यान हुने बताइएको छ। २०१६ मा ब्राजिलको रियोमा हुने ओलम्पिक गेम्सका लागि २ दशमलव ३८ बिलियन पाउन्ड रहेको छ। २०१२ को लन्डन ओलम्पिकको खर्च ८.७७ विलियन पाउन्ड रहेको थियो।

यदि, टोकियो ओलम्पिक खर्चको बजेट ९.९८ बिलियन हुन गएको खन्डमा पनि त्यो बजेट २०१४ मा रुसको सोचीमा भएको विन्टर ओलम्पिकको भन्दा कम हुनेछ। सोची ओलम्पिकमा ५१ बिलियन डलर अर्थात ३१ बिलियन पाउन्ड खर्च भएको बताइएको छ।

२०२० को गेम्सका लागि १.६ बिलियन पाउन्ड खर्च हुने अनुमान गरिएको थियो। एनएचकेको रिपार्टअनुसार २०२० ओलम्पिकको आयोजक समितिले खर्चवृद्धिका कम गर्दै ५.५४ बिलियनमा सक्ने बताएको छ।

### म्याकुलमको रेकर्ड

**हैमिल्टन/एजेन्सी-** न्युजिल्यान्डका कप्तान ब्रेडन म्याकुलमले नयाँ कीर्तिमान बनाएका छन्। उनले २००४ को १० मार्चमा टेस्ट म्याचमा डेब्यु गरेका थिए। त्यसपछि अहिलेसम्म लगातार आफ्नो टिमबाट टेस्ट म्याच खेलिरहेका छन्। उनी न फर्मका कारण न त चोटका कारण टिमबाट बाहिरिएका छन्।

उनले लगातार ९९ टेस्ट म्याच खेलेर अनौठो रेकर्ड बनाएका हुन्। म्याकुलमले दक्षिण अफ्रिकाका एबी डी बिलियर्सको रेकर्डसमेत तोडिदिए। डी बिलियर्सले दक्षिण अफ्रिकाका लागि लगातार ९८ टेस्ट म्याच खेलेका थिए।

# रत्नजित र सराको जोडी पहिलो



**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

आर्मीका रत्नजित तामाङ र सरादेवी तामाङको जोडीले तेस्रो खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा स्वर्ण जितेका छन्। सहोदर दिदीभाइले मिक्स डबलमा एपीएफका विकास श्रेष्ठ र पूजा श्रेष्ठको जोडीलाई उपाधि भिडन्तमा २१-९ र २१-१७ को सोझो सेटमा हराएका थिए। सो समूहमा आर्मीका सुरोज महर्जन र अमिता गिरी तथा दीपेश धामी र नङशल तामाङको जोडी संयक्त रूपमा तेस्रो भयो।

मेन्स सिंगल्सतर्फ पनि आर्मीका रत्नजित तामाङले स्वर्ण जिते। उनले एपीएफका विकास श्रेष्ठलाई २१-१२ र २१ १६ को सोझो सेटमा हराए। सोहि समूहमा एपीएफका साजनकृष्ण ताम्राकार र आर्मीका दीपेश धामी संयुक्त रूपमा तेस्रो भए।

मेन्स डबलमा एपीएफका विमल श्रेष्ठ र विशाल प्रधानले बाजी मारे। विमल र विशालको जोडीले आर्मीका शम्भु श्रेष्ठ र सुरोज महर्जनको जोडीलाई २१-१८ र २१-१९ को सोझो सेटमा पराजित गऱ्यो। सो समूहमा एपीएफका जोसेफ अधिकारी र सुमन लिम्बू तथा पंकज चन्द र इन्द्र महताको जोडी संयुक्त रूपमा तेस्रो भए।

त्यसैगरी, भेट्रान डबल ४५ माथि काठमाडौंका सुभाष श्रेष्ठ र भूमिबहादुर गुरुङको जोडीले स्वर्ण जित्यो। सुभाष र भूमिले अन्नपूर्ण ब्याडमिन्टन एकेडेमीका नवीनबाबु श्रेष्ठ र श्यामबहादुर पराजुलीको जोडीसँग पहिलो सेट १२-२१ ले गुमाए पनि खेलमा फर्कंदै २२-२० र २१-१५ को रोमाञ्चक जित निकालेका थिए।

प्रतियोगिताअन्तर्गत यू-१४ को फाइनल खेलमा नेपाल पुलिस स्कुलका प्रिन्स दाहालले स्वर्ण जिते। उनले कैलालीका देवराज रानालाई २१-१४ र २१-११ को सोझो सेटमा हराएका थिए। सो समूहमा रिजन महर्जन र प्रियांशुसिंह संयुक्त रूपमा तेस्रो भए।

त्यसैगरी, लेभल बी मेन्स डबलमा ब्रदर्सका अलेक्सजंग भण्डारी र अरुण मगरको जोडी पहिलो भयो।

# दीपालाई स्वर्ण

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस



नेपाल आर्मी क्लबकी दीपा गुरुङले सातौं कोरियन एम्बेसडर कप तेक्वान्दो प्रतियोगिताको जुनियर २६ केजीमा शनिबार स्वर्ण पदक जितेकी छन्। सोही स्पर्धामा आर्मीकै भगवती बलामीले रजत तथा सीमा थापा मगरले र युनाइटेड तेक्वान्दो डोजाङकी सुप्रिमाले कांस्य पदक जिते।

लगनखेलस्थित सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमा भइरहेको प्रतियोगितामा ५० जिल्ला र विभागीय गरी १ हजार ५ सय खेलाडीले ३२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गरिरहेका छन्। ललितपुर जिल्ला तेक्वान्दो संघ र काठमाडौं जिल्ला तेक्वान्दो संघको आयोजनामा नेपाल तेक्वान्दो संघको तत्त्वावधानमा सञ्चालित प्रतियोगिता सोमबारसम्म जारी रहनेछ।

प्रतियोगिताको युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डल र नेपालका लागि दक्षिण कोरियाका राजदूतले संयुक्त रूपमा उद्घाटन गरे।

कार्यक्रममा नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशमसेर राणा, संघका महासचिव दीपराज गुरुङ, संघका उपाध्यक्ष भोजबहादुर शाह र वरिष्ठ तेक्वान्दो मुख्य प्रशिक्षक ध्रुव गुरुङलगायतको उपस्थिति रहेको थियो।

# विशाल र सुस्मिता छनोट

**काठमाडौं/रास-** नेपाल आर्मी क्लबका विशाल सिञ्जाली र सशस्त्र प्रहरी बलको एपीएफ क्लबकी सुस्मिता तामाङ भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत उसुका लागि शनिबार छनोट भएका छन्।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्‌को ओलम्पियन सेमी कभर्डहलमा भएको राष्ट्रव्यापी खुला छनोट उसु प्रतियोगताअन्तर्गत थाउलोको छान छ्वानको पुरुषमा विशाल र महिलामा सुष्मिा पहिलो हुँदै छनोट भएका हुन्। विशालले ८.८५ तथा सुस्मिताले ८.५५ अंक जोडे।

थाउलोको पुरुष र महिलामा समान ४-४ तथा सान्सौंको पुरुषमा ६ र महिलामा ३ स्पर्धामा प्रतिस्पर्धा भइरहेको उसु मुख्य प्रशिक्षक प्रनीलध्वज कार्कीले जनाएका छन्। कार्कीका अनुसार प्रत्येक स्पर्धामा पहिलो हुने खेलाडीले सागमा सहभागिताको अवसर पाउनेछन्।

छनोटमा नेपाल प्रहरी क्लबका खेलाडीको पनि सहभागिता रहेको छ। प्रहरीले उसुमा पहिलो पटक सहभागिता जनाएको प्रहरीका प्रशिक्षक एवं नेपाल उसु संघका कोषाध्यक्ष श्याम लामाले जनाएका छन्।

सागमा उसु पहिलो पटक श्रीलंकामा भएको १०औं संस्करणदेखि प्रवेश गरेको हो। १०औं र ११औंमा समान २-२ गरी ४ स्वर्ण उसुले प्राप्त गरिसकेको छ। छनोट सोमबार सम्पन्न हुनेछ।

# पदक विजेता सम्मानित



**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

दोस्रो थानेश्वर राई खुला अन्तर्राष्ट्रिय कराँतेमा पदक जित्न सफल आफ्ना खेलाडीलाई नेपाल सितोरियो कराँते डो संघ, उत्तरी प्रमुख शाखा डोजा, बुढानीलकण्ठले शनिबार नगदसहित सम्मान गरेको छ।

२४ देखि २५ मंसिरसम्म झापाको शनिश्चरेमा भएको प्रतियोगितामा नेपालको उत्तरी प्रमुख शाखा डोजाङ, बुढानीलकण्ठ ४ स्वर्ण, ३ रजत र ५ कांस्यसाथ टिम उपविजेता बनेको थियो।

सुष्मा तामाङ, अविनाश चौधरी, वीरबहादुर वाइबा र रोहित बुढाथोकीले स्वर्ण जितेका थिए। सुष्मा महिलातर्फ उत्कृष्ट खेलाडी पनि घोषित भएकी थिइन्। किरण तामाङ, सुजन श्रेष्ठ र सनम लामाले रजत हात पारेका थिए। किरणले किक बक्सिङमा पनि कांस्य जिते। त्यस्तै, सुशील पौडेल, रोशनी तामाङ, राकेश ठकुरी र पारुहाङ राईले कांस्य हासिल गरे।

सो प्रतियोगतामा रेफ्रीको भूमिका निर्वाह गरेका सानुबाबु तामाङ र सेशुका राई, टिम प्रशिक्षक प्रेमलाल बमजन र व्यवस्थापक दिनेश सिवाकोटीलाई पनि सम्मान गरियो। स्वर्णलाई २ हजार ५ सय, रजतलाई २ हजार र कांस्यलाई १ हजार ५ सय नगदसहित सम्मानपत्रबाट सम्मान गरिएको थियो। उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव केशवकुमार विष्ट, कराँतेका संस्थापक थानेश्वर राई, नेपाल कराँते महासंघका अध्यक्ष पुरेन्द्रविक्रम लाखे र महासविच केदारबाबु सिवाकोटी, डोजोका अध्यक्ष बालकृष्ण श्रेष्ठ र उपाध्यक्ष प्रकाश श्रेष्ठलगायतले सम्मान गरे।

त्यसै अवसरमा सदस्य-सचिव विष्ट र नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी पनि सम्मानित भए।

# मल्पी सेमीमा

**काठमाडौं/रास-** मल्पी इन्स्टिच्युट पाँचौं अन्तर ए लेभल कलेज बास्केटबल प्रतियोगिताको गर्ल्सतर्फ शनिबार सेमिफाइनलमा प्रवेश गरेको छ।

समूह 'ए' को लिग खेलमा मल्पीले जेम्सलाई ३७-२५ ले पराजित गर्दै समूह विजेता बन्यो। मल्पीको जितमा केसाङ शेर्पाले १५ अंक योगदान गरिन्।

# यू-१४ को उपाधि जित्ने दाबी

**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस



**नेपाली टिम**

रेबिकाकुमारी राई (गोलरक्षक), निशा ठोकर, अञ्जु लोप्चन, पूजा राना (कप्तान), रिया ठोकर, सम्जना लावती, सरू लिम्बू, रेखा पौडेल, निर्मला उपाध्याय, सुवानी कुस्वार, मञ्जलीकुमारी योञ्जन, सञ्जिता, अस्मिता बैधार, मनिषा राउत, आशा शाही, हिनाराना मगर, सुस्मिता राई, रज्जु खड्का

एएफसी यू-१४ क्षेत्रीय महिला च्याम्पियनसिपको आइतबार लगनखेलस्थित आर्मीको शारीरिक फिटनेस र खेलकुद सेन्टरमा हुने फाइनल खेलका लागि नेपाली टिमका प्रशिक्षक किशोर केसी उत्साहित भएका छन्।

उनले नेपालले उपाधि जित्ने दाबीसमेत गरे। प्री-म्याच प्रेस मिटमा बोल्दै केसीले भने 'फाइनल खेल सम्भव गराएको बंगलादेश फुटबल संघलाई म धन्यबाद दिन चाहन्छु।'

गत १२ वैशाखमा सो च्याम्पियनसिपको फाइलन हुनुपर्ने थियो तर विनाशकारी भूकम्पका कारण सो फाइनल खेल रोकिएको थियो। २० दिनदेखि नेपाली टिमले फाइनल खेलका लागि तयारी गरेको केसीले बताए। 'प्रतिद्वन्द्वी टिमलाई कमजोर नसोची आक्रामक खेल खेल्नेछौं।' उनले भने, 'योजनाअनुसार खेल खेल्दै जित निकाल्नेछौं।'

नेपाली टिमकी कप्तान पूजा राणाले उपाधि घरमै राख्नका लागि भिड्ने बताइन्। 'खेलमा हार र जित हुन्छ तर हामी उपाधि जित्नका लागि नै खेल्छौं,' उनले भनिन्।

बंगलादेशका प्रशिक्षक गोमाल रोब्बानीले नेपाल बलियो टिम रहेको बताए। उनको टिमले पनि आक्रामक रणनीति अख्तियार गर्ने बताए। 'हाम्रो टिमले १५ दिनको तयारी गरेको छ, मलाई विश्वास छ मेरा खेलाडीले उत्कृष्ट प्रदर्शन गर्नेछन्,' उनले भन्।

बंगलादेशकी कप्तान श्रीमोती कृष्णा रानीले १२ वैशाखमा भूकम्पमा पर्दाको अनुभव सुनाएकी थिइन्। 'त्यतिबेला मलाई भूकम्प आएको पत्तै भएन।

सुरुमा त ठूलो आवाज आयो तर मैदान हल्लिन थाल्यो, त्यसपछि हामी खुला स्थानमा गयौं।'

# कांस्यधारी शान्ति सम्मानित



**राजधानी समाचारदाता**
काठमाडौं, ४ पुस

इन्डोनेसियाको जाकर्तामा भएको छैटौं एसियाली प्यासिफिक गोजुकाइ कराँते च्याम्पियनसिपकी कांस्य विजेता शान्ति लामालाई नेपाल गोजुकाइ कराते डो संघले शनिबार सम्मान गरेको छ। २५ नोभेम्बरदेखि १ डिसेम्बरसम्म भएको प्रतियोगितामा शान्तिले फिलिपिन्सकी खेलाडीलाई पराजित गर्दै कांस्य पक्का गरेकी थिइन्। सेमिफाइनलमा शान्ति इरानकी खेलाडीसँग चुकिन्।

सोही अवसरमा टिम प्रशिक्षक अच्युतराज उप्रेती, व्यवस्थापक अशोककुमार पाण्डे, अफिसियल जनार्दन उप्रेती र प्रतियोगितामा रेफ्रीको भूमिका निर्वाह गरेका इन्द्रबहादुर शाही खड्गेलाई पनि सम्मान गरिएको थियो।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले उनीहरूलाई सम्मानपत्र प्रदान गरी एक कार्यक्रमबीच सम्मान गरे। गोजुकाइ कराँते डो संघका अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठले त्यसै अवसरमा सदस्य-सचिव विष्टलाई सम्मानपत्र प्रदान गरी सम्मान गरेका थिए।

शान्तिलाई जाकार्तामै पदक जितेपछि व्यवस्थापक अशोककुमार पाण्डे र रेफ्री इन्द्रबहादुर शाही खड्गेले प्रोत्साहनस्वरूप १०-१० हजार नगद पुरस्कार दिएका थिए।

# राजेन्द्रलाई खुला भेट्रान टेटेमा स्वर्ण

**काठमाडौं/रास-** राजेन्द्र श्रेष्ठले खुला भेट्रान्स टेबलटेनिस प्रतियोगिताको पुरुष ४० वर्षमाथि सिंगल्समा शनिबार स्वर्ण जितेका छन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा राजेन्द्रले सुमन शाक्यलाई ३-० को सोझो सेटमा पराजित गरे।

नेपाल भेट्रान टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगिताको पुरुष ५० वर्षमाथि जापानका सिजुबो पहिलो भए। उनले फाइनलमा मनोहरी थापालाई ३-२ ले हराए। पुरुष ५५ वर्षमाथि सिंगल्सको फाइनलमा उदयमोहन श्रेष्ठले पुण्य पौडेललाई ३-० ले पन्छ्याउँदै स्वर्ण जिते।

महिला सिंगल्सको खुलामा जापानकी सिमिजु अकिकोले इन्दिरा पौडेल पराजुलीलाई ३-० को सोझो सेटमा पाखा लगाउदै पहिलो स्थान हात पारिन्।

पुरुष डबल्स खुलामा निकेशकुमार जोशी र राजेन्द्र बज्राचार्यको जोडीले उदयमोहन श्रेष्ठ र सिजुबोको जोडीलाई ३-० ले फाइनलमा हराए।

मिक्स खुलामा छुतोमो र सिमिजुको जोडी च्याम्पियन बन्यो। सो जोडीले इन्दिरा चित्रकार र कृष्ण महर्जनको जोडीलाई ३-० को सोझो सेटमा निराश पाऱ्यो।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्टले एक कार्यक्रमबीच पुरस्कृत गरे। एकदिने प्रतियोगितामा ८० प्रतिस्पर्धीले ६ स्पर्धामा प्रतिस्पर्धा गरेको प्रतियोगिता संयोजक धर्ममान बज्राचार्यले जनाएका छन्।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आशिष शेरचन, सम्पादक : राजन शर्मा